# जिल्ला आर्थिक गणना कार्यालय, पर्साको प्रतिवेदन

## राष्ट्रिय आर्थिक गणना, २०८२

२०८३, असार

जिल्ला आर्थिक गणना कार्यालय, पर्सा

वीरगंज, पर्सा

## प्रतिवेदनको बारेमा

राष्ट्रिय तथ्याङ्क कार्यालयले उपलब्ध गराएको प्रतिवेदन ढांचा-मस्यौदाको आधारमा रहि जिल्ला आर्थिक गणना कार्यालय पर्साले राष्ट्रिय आर्थिक गणना, २०८२ को प्रतिवेदन तयार पारेको छ। यस प्रतिवेदनमा संलग्न कुराहरु आगामि आर्थिक गणना कार्य अझ व्यवस्थित र भव्य अनि सभ्य हुने गरि सम्पन्न गर्न सहयोगि हुने जिल्ला आर्थिक गणना कार्यालय पर्साको अपेक्षा रहेको छ।

यस प्रतिवेदनमा पर्सा जिल्लाको संक्षिप्त परिचय, कार्यालय स्थापना, जनशक्ति परिचालन, तालिम, गणना सामग्री व्यवस्थापन, स्थलगत गणनाको लागि जनशक्ति परिचालन, गणना विधिको प्रभावकारिता, प्रचारप्रसार, समन्वय, सुपरिवेक्षण तथा अनुगमन, गणना प्रगति समिक्षा, स्रोतसाधनको व्यवस्था, जिल्ला तथा स्थलगत जनशक्ति बीच गरिएका सञ्चार व्यवस्थापन; भरिएका फाराम सङ्कलन जस्ता प्रमुख विषयवस्तुहरुमा केन्द्रीत रही टिप्पणी, सकारात्मक पक्ष, सुधार गर्नुपर्ने पक्ष, गणना सञ्चालन सन्दर्भमा आईपरेको समस्या, समस्या समाधान गर्न गरिएका प्रयास, आगामी गणना प्रभावकारी बनाउन चाल्नु पर्ने कदमहरु उल्लेख गरिएको छ।

पर्सा जिल्लामा आर्थिक गणना सम्पन्न गर्न गणनामा प्रत्यक्ष रूपमा खटिने गणक, सुपरिवेक्षक, आर्थिक गणना वडा सहजीकरण समिति, स्थानीय आर्थिक गणना समन्वय समिति र जिल्ला आर्थिक गणना समन्वय समिति लगायत गणनामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सवैमा धन्यवाद। विशेष गरी आफ्नो व्यवसाय तथा प्रतिष्ठानको विवरण उपलब्ध गराइदिनुहुने सम्पूर्ण संघ, संस्था तथा व्यवसायीहरूलाई विशेष धन्यवाद।

"अर्थतन्त्र मापनको लागि आर्थिक गणना" भन्ने नाराका साथ नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा मिति २०८३/०१/०२ देखि २०८३/०३/०७ गतेसम्म सञ्चालित राष्ट्रिय आर्थिक गणना, २०८२ लाई सफलतापूर्वक सम्पन्न गराउने सिलसिलामा पर्सा जिल्लामा आर्थिक गणना व्यवस्थापन कार्यसमूहका सम्पूर्ण कर्मचारीहरूको व्यवस्थापकीय कार्यक्षमता, समन्वय, प्रशासनिक कुशलता र कार्यप्रतिको पुर्ण प्रतिबद्धताको कदर गर्दै कार्यालयको तर्फबाट धन्यवाद दिन चाहान्छु।

पुष्कर विजुक्षे

जिल्ला आर्थिक गणना अधिकारी (उपसचिव), पर्सा

## विषयसुचि


१. परिचय ........ १

२. जिल्लाको आर्थिक तथा भौगोलिक, सामाजिक परिदृश्य ........ १

३. मुख्य विषयवस्तु तथा कार्य सम्पादन समीक्षा ........ १३

४. अन्य विषयहरूः ........ ४५

५. चुनौती तथा सुझाव ........ ४५

६. अनुसूचीहरु ........ ४८


## तालिकाहरु


तालिका १ः स्थानीय तह अनुसार गणक/सूपरिवेक्षकको दरबन्दी विवरण ........ १४

तालिका २ः पर्सा जिल्लाका अनुमानित प्रतिष्ठानहरुको संख्या (स्थानीय तह अनुसार) ........ १६

तालिका ३ः विनियोजित बजेट र खर्चको स्थिति ........ १९

तालिका ४ः स्थानिय तह अनुसार संलग्न जनशक्तिको तुलना ........ ३६

तालिका ५ः पहिलो र दोस्रो आर्थिक गणनाको वडा स्तरमा प्रतिष्ठानहरूको तथ्याङ्कीय स्थितिको तुलनात्मक विवरण ........ ३७

तालिका ६ः स्थानीय तह अनुसार अनुमानित लक्ष्य र यस गणनामा अनुमान गरिएका प्रतिष्ठान सङ्ख्या ........ ४१


## चार्ट


चार्ट १ः स्थानीय तहगत रुपमा रहेका प्रतिष्ठानहरुको हिस्सामा परिवर्तन ........ ४४


## अनुसूचीहरु


अनुसूचीः १ व्यवस्थापन समुहमा रहेका कर्मचारीको विवरण ........ ४८

अनुसूचीः २ सुपरिवेक्षक तथा गणकको नाम ........ ४८

अनुसूचीः ३ स्थलगत कार्य संचालको क्रमका स्मरणीय फोटोहरु ........ ५२

# १. परिचय

पर्सा नेपालको मधेश प्रदेशमा पर्ने प्रमुख व्यापारिक नाका तथा औद्योगिक क्षेत्रको रूपमा परिचित तराई क्षेत्रमा पर्ने एक प्रमुख जिल्ला हो। यो जिल्ला समुद्री सतहबाट १२२ देखि ९२५ मिटर सम्मको उचाइमा फैलिएको छ। उष्ण र समशितोष्ण हावापानी रहेको यस जिल्ला औसत तापक्रम अधिकतम ४० सेल्सीयस दखि न्यूनत्तम १८ सेल्सीयस सम्म रहने गरेको छ।

जिल्लाको दक्षिणी भागमा रहेको समथर भुमि नै पर्सा जिल्लाको मुख्य खेतीयोग्य भुमि हो। यहि भागमा विभिन्न उद्योग तथा कलकारखानाहरू सङ्चालित छन्। नेपालको मूलढोका नामले चिनिने जिल्लाको सदरमुकाम वीरगंज शहरको दक्षिणी भागमा भारतसँगको सीमा (रक्सौल नाका) रहेको छ। त्यसैले वीरगंज एक औद्योगिक एवं बाणिज्यद्वारको रूपमा परिचित रहको छ।

# २. जिल्लाको आर्थिक तथा भौगोलिक, सामाजिक परिदृश्य

## २.१ जिल्लाको प्रमुख बजार केन्द्रहरू

**वीरगन्ज**

पर्सा जिल्लाको मात्र नभई नेपालकै प्रमुख आर्थिक तथा व्यापारिक राजधानी हो। यहाँ लिङ्क रोड, माइस्थान, घडिअर्वा, घण्टाघर, आदर्शनगर र छपकैया जस्ता ठूला बजार क्षेत्रहरू पर्दछन्।

**पोखरिया**

वीरगन्जपछिको दोस्रो ठूलो बजार र व्यापारिक केन्द्र हो। यो पर्साको मध्यभागमा अवस्थित नगरपालिका र ग्रामीण भेगका बासिन्दाका लागि मुख्य खरिद-बिक्री केन्द्र हो।

**नगवा र परवानीपुर**

वीरगन्ज महानगरपालिका र औद्योगिक कोरिडोरसँग जोडिएका प्रमुख बजार क्षेत्र हुन्, जहाँ व्यावसायिक गतिविधि निकै उच्च हुन्छ।

**बहुदरमाई**

धोबिनी, बहुअर्वाभाठा र आसपासका क्षेत्रहरूलाई जोड्ने एक महत्त्वपूर्ण स्थानीय बजार केन्द्र हो।

**जीराभवानी र पटेर्वा सुगौली**

पर्साको उत्तरी तथा पश्चिमी ग्रामीण र वन क्षेत्रसँग जोडिएका प्रमुख स्थानीय बजारहरू हुन्, जहाँ कृषि उपजको ठूलो कारोबार हुन्छ।

**ठोरी**

जिल्लाको सुदूर पश्चिम-उत्तरमा अवस्थित, चितवन राष्ट्रिय निकुञ्ज र भारतको सिमानासँग जोडिएको पर्यटकीय तथा स्थानीय व्यापारिक नाका हो।

यी बाहेक **लंगडी**, **महुवन**, **सबैया**, र **विन्दवासिनी** जस्ता स्थानहरू पनि जिल्लाका सक्रिय स्थानीय बजार केन्द्रहरू हुन्।

## २.२ जिल्लाको प्रमुख औद्योगिक क्षेत्र तथा मुख्य उद्योगहरू

पर्सा जिल्ला नेपालकै सबैभन्दा पुरानो, ठूलो र प्रमुख औद्योगिक केन्द्रहरूमध्ये एक हो। यहाँको औद्योगिक विकास मुख्यतया भारतसँगको सीमा नाका (वीरगन्ज भन्सार र सुक्खा बन्दरगाह - Dry Port) सँग जोडिएको छ।

पर्सा जिल्लाको प्रमुख औद्योगिक क्षेत्र र त्यहाँका मुख्य उद्योगहरू

**वीरगन्ज—पथलैया (बारा—पर्सा) औद्योगिक कोरिडोर**

पर्सा जिल्लामा छुट्टै सरकारी औद्योगिक क्षेत्र (Industrial Estate) घोषणा नभए पनि वीरगन्ज-पथलैया औद्योगिक कोरिडोर नै यहाँको मुख्य औद्योगिक मेरुदण्ड हो। यो करिडोर वीरगन्ज महानगरपालिकाको एकीकृत जाँच चौकी (ICP) र ड्राईपोर्ट क्षेत्रदेखि सुरु भएर परवानीपुर हुँदै छिमेकी जिल्ला बाराको पथलैयासम्म फैलिएको छ। यस करिडोरमा साना, मझौला र ठूला गरी सयौं उद्योगहरू सञ्चालनमा रहेका छन्।

**मुख्य उद्योगहरू**

**फलाम तथा स्टिल उद्योग (Iron & Steel)** यो करिडोर फलाम र डन्डी उत्पादनका लागि देशकै सबैभन्दा ठूलो केन्द्र हो।

**जगदम्बा स्टिल / जगदम्बा इन्टरप्राइजेजः** नेपालकै अग्रणी र ठूलो क्षमताको स्टिल उद्योग।

**नारायणी रोलिङ मिल्स / नारायणी स्ट्रिप्सः** डन्डी, ग्याल्भानाइज्ड सिट तथा फलामका अन्य सामग्री उत्पादन गर्ने प्रमुख उद्योग।

**अशोक स्टिलः** ठूलो परिमाणमा फलामजन्य सामग्री उत्पादन गर्ने पुराना उद्योगमध्ये एक।

**हामा आइरन, शाख स्टिल, र बन्दना रोलिङः** यस क्षेत्रका अन्य चर्चित फलाम उद्योग हुन्।

**सिमेन्ट उद्योग (Cement)ः** पर्सा-बारा क्षेत्र विगतमा सिमेन्ट उद्योगको मुख्य हब मानिन्थ्यो। पछिल्लो समय क्लिङ्करमा आधारित ठूला उद्योगहरूको प्रतिस्पर्धाका कारण केही ग्राइन्डिङ युनिटहरू बन्द भए पनि अझै केही ठूला ब्रान्डहरू यहाँ सक्रिय छन्ः

**जगदम्बा सिमेन्ट, शालिमार सिमेन्ट, विश्वकर्मा सिमेन्ट, र त्रिशक्ति सिमेन्टः** यस क्षेत्रबाट उत्पादन भइरहेका प्रमुख सिमेन्ट ब्रान्ड हुन्।

**बहुराष्ट्रिय उद्योगः** दैनिक उपभोग्य वस्तु, कस्मेटिक्स र पेय पदार्थ उत्पादनमा यो क्षेत्र निकै अगाडि छ।

**डाबर नेपालः** टोनीयाही/परवानीपुर क्षेत्र नजिक रहेको यो उद्योगले रियल जुस, आयुर्वेदिक उत्पादन र कस्मेटिक्स सामग्री उत्पादन गरी स्वदेशका साथै भारतमा समेत ठूलो मात्रामा निर्यात गर्दछ।

**पतञ्जली आयुर्वेदः** जडीबुटी तथा दैनिक उपभोग्य वस्तु उत्पादन गर्ने ठूलो प्लान्ट।

**सूर्य नेपाल (सिमरा/परवानीपुर सिमाना नजिक)ः** सुर्तीजन्य उत्पादनका साथै सलाई र दलमोट/स्न्याक्स उत्पादनमा संलग्न।

**औषधि उद्योग (Pharmaceuticals)** नेपाललाई औषधिमा आत्मनिर्भर बनाउन यस क्षेत्रका उद्योगहरूको ठूलो योगदान छ।

**समर फर्मास्युटिकल्स र सुप्रिम फर्मास्युटिकल्सः** यस क्षेत्रमा स्थापना भएका आधुनिक औषधि उत्पादन गर्ने ठूला उद्योग हुन्।

**खाद्यान्न, तेल तथा दाना उद्योग (Food, Oil & Feed)**

**त्रिवेणी सिन्थेटिक्स र शिवशक्तिका उद्योगहरूः** तेल, मैदा, र चामल प्रशोधनमा अग्रणी। यहाँ पशुपन्छीका लागि दाना (Animal Feed) र बिस्कुट तथा कन्फेक्सनरी उत्पादन गर्ने दर्जनौं मझौला उद्योगहरू परवानीपुर र पोखरिया मार्गमा केन्द्रित छन्।

## औद्योगिक पूर्वाधार र सहजता

**एकीकृत जाँच चौकी (ICP) र सुक्खा बन्दरगाह (Dry Port):** सिधै कोलकाता र विशाखापट्टनम बन्दरगाहबाट रेलमार्ग हुँदै कच्चा पदार्थ उद्योगको ढोकासम्मै ल्याउन सहज भएकोले यहाँ ठूला उद्योग फस्टाएका हुन्।

**विद्युत आपूर्तिः** नेपाल विद्युत प्राधिकरणले यस क्षेत्रका फलाम र सिमेन्ट जस्ता अत्यधिक बिजुली खपत गर्ने उद्योगहरूका लागि १३२ केभी (KV) को विशेष प्रसारण लाइन र सबस्टेसनहरू (जस्तै परवानीपुर र पोखरिया सबस्टेसन) मार्फत विद्युत आपूर्ति गरिरहेको छ।

## २.३ जिल्लाको प्रमुख निर्माण आयोजनाहरू

पर्सा जिल्ला नेपालको प्रमुख आर्थिकद्वार भएकाले यहाँ राष्ट्रिय तथा क्षेत्रीय महत्त्वका ठूला पूर्वाधार र निर्माण आयोजनाहरू सञ्चालनमा छन्। यहाँका मुख्य निर्माण तथा विकास आयोजनाहरूको विवरण क्षेत्रगत रूपमा निम्न अनुसार छः

### १. राष्ट्रिय गौरव तथा रूपान्तरणकारी आयोजनाहरू

- **वीरगन्ज—पथलैया व्यापारिक मार्ग विस्तार आयोजनाः** नेपालको वैदेशिक व्यापारको मुख्य नाका जोड्ने २७ किलोमिटर लामो यो सडकलाई **६ लेन** मा विस्तार गर्ने कार्य यस क्षेत्रको महत्त्वपूर्ण व्यापारिक पूर्वाधार हो। एकीकृत जाँच चौकी (ICP) र सुक्खा बन्दरगाह (Dry Port) लाई उत्तर-दक्षिण लोक मार्गसँग सहज रूपमा जोड्न यस आयोजनाले ठूलो भूमिका खेलेको छ।
- **काठमाडौं—तराई/मधेस द्रुतमार्ग (Fast Track) सँगको आबद्धताः** यद्यपि यो द्रुतमार्ग छिमेकी जिल्ला बाराको निजगढमा टुङ्गिन्छ, तर यसको सिधा प्रभाव र पहुँच पर्साको औद्योगिक कोरिडोर र वीरगन्ज नाकासँग जोडिने हुनाले यसलाई पर्साको आर्थिक विकासको लाइफलाइन मानिएको छ।
- **मोतिहारी—अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन (दोस्रो चरण):** पहिलो चरणमा डिजेल पाइपलाइन सफलतापूर्वक सञ्चालन भएपछि, दोस्रो चरण अन्तर्गत पेट्रोल र मट्टितेल समेत पाइपलाइनबाटै ल्याउन र भण्डारण क्षमता बढाउन वीरगन्ज नाका र आसपासका क्षेत्रमा पूर्वाधार निर्माणका कार्यहरू अघि बढाइएका छन्।

### २. सडक पूर्वाधार तथा सहरी विकास

- **हुलाकी राजमार्ग (Hulaki Highway):** पर्साको दक्षिणी ग्रामीण क्षेत्रका जनतालाई पूर्व-पश्चिम जोड्ने यो रणनीतिक सडक खण्डको निर्माण र स्तरोन्नतिले जिल्लाको ग्रामीण अर्थतन्त्रमा ठूलो परिवर्तन ल्याएको छ। यसले वीरगन्जलाई ग्रामीण स्थानीय तहहरूसँग सिधा जोडेको छ।
- **सघन सहरी विकास कार्यक्रम (वीरगन्ज महानगरपालिका):** सहरी विकास मन्त्रालय अन्तर्गत वीरगन्जभित्र सडक कालोपत्रे गर्ने, नाला निर्माण गर्ने, र सडक बत्ती (Smart Street Lights) जडान गर्ने जस्ता सहरी सौन्दर्यीकरण र पूर्वाधारका ठूला प्याकेजहरू सञ्चालनमा छन्।
- **वीरगन्ज-पोखरिया सडक खण्ड स्तरोन्नति:** जिल्लाको दोस्रो ठूलो बजार पोखरियालाई वीरगन्जसँग जोड्ने मुख्य सहायक मार्गलाई फराकिलो र सुदृढ बनाउने कार्य भइरहेको छ।

**३. खानेपानी तथा सरसफाइ आयोजनाहरू**

- **वीरगन्ज खानेपानी सुधार तथा विस्तार आयोजना:** एशियाली विकास बैंक (ADB) को ऋण सहयोग र नेपाल सरकारको लगानीमा वीरगन्ज महानगर क्षेत्रभित्र भूमिगत पानी प्रशोधन (Water Treatment Plants) र नयाँ पाइपलाइन ओछ्याउने काम तीव्र गतिमा अघि बढाइएको छ, जसले नगरवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने लक्ष्य राखेको छ।
- **मधेस प्रदेश संकटग्रस्त भूमिगत जलस्तर सुधार कार्यक्रम:** पर्साका बहुदरमाई, पोखरिया, र जगरनाथपुर जस्ता क्षेत्रमा हिउँदमा ट्युबवेल सुक्ने समस्या (Dry-headed tubewells) समाधानका लागि डिप बोरिङ तथा ओभरहेड ट्याङ्की निर्माणका साना तथा मझौला आयोजनाहरू सञ्चालनमा छन्।

## २.४ जिल्लाको प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरू

पर्सा जिल्ला व्यापार र उद्योगमा मात्र नभई ऐतिहासिक, धार्मिक तथा प्राकृतिक पर्यटनका दृष्टिकोणले पनि एक समृद्ध जिल्ला हो। यहाँ भारतबाट आउने धार्मिक पर्यटक र स्वदेशी आन्तरिक पर्यटकहरूलाई लक्षित गरी सेवा क्षेत्र (होटल, यातायात र गाइड) को राम्रो विकास भएको छ।

जिल्लाको प्रमुख ऐतिहासिक तिर्थस्थल र पर्यटर्टकीय स्थलका रूपमा अलौ, विन्ध्यवासिनी, वीरगंज, महुवन, बैरियाविर्ता, गादी, सेढवा, ठोरी, घडिआर्वा पोखरी, पारसनाथ मंदिर, गहवा माई मन्दिर, बिर्ता मन्दिर, बौद्ध भिस्वा चैत्य, रामभौरी भाठा, पर्सा राष्ट्रिय निकुन्ज , शंकराचायर्द्वार, घण्टाघर आदि पदर्छन । यस किसिमका महत्वपुर्ण क्षेत्रलाई सम्बर्धन गरी विकासको गतिलाई तिव्रता दिन सकिने बलियो सम्भाबना यस जिल्लामा रहेको छ।

### महुवन मठ

पर्सा जिल्लाको पश्चिम उत्तर गण्डक नहरको छेउमा अवस्थित धार्मिक, सांस्कृतिक, पुरातात्विक एवं ऐतिहासिक दृष्टिले महत्वपुर्ण यो मठ अन्तर्गत प्रसिद्ध ऐतिहासिक पारसनाथ महादेवको मन्दिर रहेको छ ।

पारसनाथ मन्दिरको नामबाट नै पर्सा जिल्लाको नामाकरण भएको हो भन्ने केही इतिहासविद्हरूको भनाई रहेको हुदा यस मठको ऐतिहासिक पक्ष अध्ययनको विषय बनेको छ शद्ध मनले चिताएको कुरा पारसनाथ महादेवले पुऱ्याउछन भन्ने लोकोक्ति रहेको यस मन्दिरमा बसन्त पङचमी र शिवरात्रीमा ठुलो मेला लाग्दछ ।

### गीता मन्दिर

वीरगङज नगरको केन्द्रमा अवस्थित घडिअर्वा पोखरीको पूर्वपट्टी जोडिएर रहेको गीता मन्दिर धार्मिक, सांस्कृतिक दृष्टिले निकै महत्वपुर्ण रहेको छ । यस मन्दिरमा श्री कृष्ण भगवानको जीवनमा घटेका महत्वपुर्ण घटनाहरूलाई मन्दिरभित्रका भित्ताहरूमा विभिन्न मूर्तिहरूद्धारा बडो आकर्षक ढंगले प्रदशित गरिनुका साथै श्रीमदभगवत गीताका सम्पूर्ण अध्यायहरू संगमरमरमा लेखी भित्तामा टाासिएको छ। वीरगंजवासीहरू तथा अन्य सहयोगी भक्तजनहरूको सहयोगबाट निर्माण गरिएको यस मन्दिरमा विभिन्न समयमा विभिन्न धार्मिक कार्यहरू हुने गदर्छन ।

### शंकराचार्य द्धार

वीरगंज — रक्सौल सडकको नेपाल भारत सिमाना नजिक इनरवा भन्ने स्थानमा रहेको यो प्रसिद्ध द्धार नेपालको ऐतिहासिक मन्दिरहरूको वास्तुकला प्रतिविम्बित हुने किसिमले निकै आकर्षक ढंगमा निर्माण गरिएको नेपाल प्रवेश गर्ने द्धारको रूपमा यसले नेपाली कलाकृतिको बेजाड नमूना प्रस्तुत गर्न सकेको छ । वीरगंज आउने सबैलाई अवलोकन गर्न लोभ्याउने यो द्धारको शिलान्यास २०३१ साल जेष्ठ ४ गते जगद्गगुरू शंकराचार्य श्री १००८ जयेन्द्र सरस्वती स्वामी महाराजको करकमलबाट भएकोमा उहााबाट नै २०४४ साल चैत्र ७ गते उदघाटन सुसम्पन्न भएको थियो।

### विर्ता माईको मन्दिर

वीरगङज नगरको दक्षिण भागमा मूल सडकमा रहेको यो मन्दिर त्यस भेगको इष्टदेवीको रूपमा पूजा अर्चना गर्ने स्थलको रूपमा प्रसिद्ध छ । यो मन्दिर स्थापनाको तिथि मिति बारे ठोस प्रमाण नपाइएता पनि धेरै पहिलेदेखि नै यो मन्दिर रहादै आएको र बेला बखत जीणार्द्धोर हुादै

आएको कुरा विज्ञहरू बताउछन्। यस मन्दिरमा श्रदालु भक्तजनहरू दिनहुँ जाने गरेतापनि बडा दशैंको समयमा दर्शनार्थीहरूको ठुलो भीड लाग्ने गर्दछ ।

**अलखिया मठ**

वीरगङ्ज नगरको केन्द्रमा रहेको यस मठमा शिव भगवानको प्राचीन मन्दिर छ । स्वामी अलखिया बाबाको सक्रियतामा निर्माण भएको हुनाले यस मठलाई अलखिया मठ नामाकरण गरिएको हो भन्ने भनाई रहेको छ । श्रद्धालु भक्तजनहरूले दैनिक पूजा अर्चना गर्ने यस मठमा विशेष गरी शिवरात्री पर्व र तीजको अवसरमा ठुलो मेला लाग्ने गर्दछ र् ।

**श्री महावीर स्थान**

वीरगङ्ज नगरको मुख्य सडकमा रहेको महावीर स्थानमा पुरै संगमरमरद्धारा आकर्षक ढंगमा निर्मित मन्दिर भित्र भगवान हनुमानको मुर्ति स्थापना गरिएको छ । प्रत्येक दिन विहान बेलुका श्रद्धालु भक्तजनहरू दर्शनार्थ जाने गरेको यो मन्दिरले त्यस क्षेत्रको शोभा बढाएको छ ।

**बौद्ध चैत्य, भिस्वा**

वीरगंज नयाँ बसपार्कभन्दा पूर्व-उत्तरको कुनामा रहेको ऐतिहासिक यो चैत्य धार्मिक, सांस्कृतिक एवं पुरातात्विक दृष्टिले पनि निकै महत्वपुर्ण रहेको छ। वि.सं. २०४४ सालदेखि बौद्ध चैत्यको स्थापना भएपश्चात हालसम्म छ वटा बौद्ध प्रस्तर मूर्तिहरू स्थापना भइसकेका छन्। चारैतिर वृक्षरोपण गरी संरक्षण गरिएको यो स्थान पर्यटकीय दृष्टिले पनि महत्वपुर्ण रहेको छ। यस चैत्यको मर्मत सम्हार तथा प्रचार प्रसार गरी विरगंजमा प्रशस्त स्वदेशी तथा विदेशी धार्मिक पर्यटकहरू भित्रयाउने सम्भावना बोकेको छ ।

**गहवामाईको मन्दिर**

वीरगंज नगरको केन्द्रमा अवस्थित आराध्यदेवी श्री गहवामाईको यो मन्दिर धार्मिक दृष्टिले निकै प्रसिद्ध मन्दिर हो । आफूले भाकल गरेका कुराहरू देवीले पूरा गर्छिन भन्ने जनविश्वासका कारण यहाँ दिनहु श्रद्धालुहरू दर्शनार्थ आउने गर्छन। प्रत्येक वर्ष महाअष्टमीका दिन ठुलो मेला लाग्ने यस मन्दिरमा देश विदेशका थुप्रै श्रद्धालुहरू दर्शन गर्न र बली चढाउन आउने गर्छन। करीब १५० वर्ष पहिले निर्माण गरिएको भन्ने भनाई रहेको यो मन्दिर समय समयमा जीर्णोद्धार भइरहेको देखिन्छ । हाल त्यहाँ अतिथी सदनको निर्माण भएको हुनाले विवाह, व्रतवन्ध तथा अन्य धार्मिक कर्महरूको लागि समेत यो स्थल निकै उपयोगी बन्न पुगेको छ ।

### घण्टाघर (वीरेन्द्र प्रभात घडी)

सामान्य बोलचालमा घण्टाघर भनी सम्बोधन गरिने र यसै नामबाट प्रसिद्धि पाएको वीरेन्द्र प्रभात घडी वीरगङजको केन्द्रविन्दु तथा नगरकै संकेत चिन्ह (लोगो) को रूपमा स्थापित छ।

### घडीअर्वा पोखरी

श्री छठीमाईको अर्घ दिने ठाउँको रूपमा प्रसिद्धी पाएको घडीअर्वा पोखरीको संरक्षण गरी पर्खाल लगाएपछि अचेल वीरगंजवासीको लागि विहान बेलुकी घुम्ने स्थलको रूपमा लोकप्रियता पाएको छ। संभवतः नेपालकै एकमात्र आफ्नो किसिमको सुर्य मन्दिर यस पोखरीको बीचमा निर्माण गरिएको छ। सात वटा घोडाहरू रथमा बसेका सुर्य भगवानको आकर्षक प्रस्तर प्रतिमाले यस पोखरीको मात्रै होइन वीरगंजकै शोभा बढाएको छ। यस पोखरीको संरक्षण र संभारमा वीरगंज महानगरपालिकाले सहयोग पुऱ्याउदै आएको छ ।

### विन्ध्यवासिनी मन्दिर

वीरगंजबाट ८ कि.मी. पश्चिम स्थित ऐतिहासिक तथा धार्मिक मन्दिर नेपाली स्थापत्य कलाको प्रयोग गरी पुनः निर्माण गरिएको छ । राणा प्रधानमन्त्री जंग बहादुर राणाले स्थापना गराएको यो मन्दिर निकै प्राचीन हो भन्ने जनश्रुती छ । यहाा प्रत्येक वर्ष दशैमा मेला लाग्ने गदर्छ र देश विदेशका हजारौं श्रद्धालुहरू देवीको दर्शन गर्न आाउछन । वीरगंजबाट पोखरिया जाने बसमा यो धार्मिक स्थलसम्म सजिलै पुग्न सकिन्छ ।

### पर्सा राष्ट्रिय निकून्ज

वि.सं. २०७२ सालमा स्थापना भएको तथा २९८.१७ व.कि.मि. क्षेत्रफल ओगटेर पर्सा, मकवानपुर र बारा जिल्लामा फैलिएर रहेको यो राष्ट्रिय निकुन्ज वीरगंजबाट २८ कि.मी. उत्तरमा चारकोशे झाडीको क्षेत्रमा रहेको छ। विशेषत जंगली हात्तीहरूको प्रजनन क्षेत्रको रूपमा प्रसिद्ध रहेको यस क्षेत्रमा वादेल, वन कुकुर, नीलगाई, पाटेबाघ आदि जस्ता जंगली जनावरहरू पनि पाइन्छन। साथै लोप हुन लागेको धनेश चरा पनि यस क्षेत्रमा प्रशस्त पाइन्छ। पर्सा राष्ट्रिय निकून्ज कार्यालयबाट स्वीकृति लिएर मात्र यस क्षेत्रमा प्रवेश गर्न पाइन्छ । यस अन्तर्गत भाटा भन्ने स्थानमा चुरे पहाडमाथि प्रसिद्ध दुधेश्वर महादेवको मन्दिर छ, जहा प्रत्येक वर्ष शिवरात्रीमा ठुलो मेला लाग्ने गदर्छ । यस आरक्ष भित्र प्रसिद्ध कामिनि दह पनि अवस्थित रहेको छ । पथलैयाबाट ४ कि.मी उत्तर राजमार्गकै छेउमा आधाभार भन्ने स्थानमा यस आरक्ष क्षेत्रको कार्यालय रहेको छ । हात्ती, बाघ, गौरीगाई र विभिन्न प्रजातिका चराचुरुङ्गीका लागि

प्रसिद्ध यो निकुञ्ज जैविक विविधताले भरिपूर्ण छ। यसको मुख्य कार्यालय आधाभारमा छ। यहाँ जङ्गल सफारी, चरा अवलोकन र जङ्गल भित्र रहेका कामिनी दह, हल्खोरिया दह जस्ता प्राकृतिक तालहरूको अवलोकन गर्न पर्यटकहरू पुग्ने गर्छन्।

**श्री विश्व हिन्दु पार्क, लछमनवा**

पिप्रा मठमा विश्व हिन्दु सम्मेलन भएको सम्झना स्वरूप वीरगङज महानगरपालिकाद्धारा निर्माण गरिएको पार्क वीरगंजबाट करिब ३ कि.मी. टाढा कलैयातर्फ जाादा लछमनवा भन्ने स्थानमा अवस्थित छ। चारैतिर पर्खालले घेरिएको, शौचालय र बस्ने स्थानको राम्रो व्यवस्था गरिएको छ। विकासको पर्याप्त संम्भावना रहेको यो ठााउको उचित प्रचार प्रसार हुन नसकेका कारण उपेक्षित अवस्थामा छ ।

**ठोरी**

पर्साको उत्तर-पश्चिम सिमानामा अवस्थित ठोरी पछिल्लो समय तराई र मधेसकै प्रमुख रमणीय पर्यटकीय गन्तव्य बनेको छ। चितवन राष्ट्रिय निकुञ्ज र भारतको सिमानासँग जोडिएको यस क्षेत्रमा रहेका राईधारा, रानीवन, र मनोरम पहाडी दृश्यहरूले आन्तरिक पर्यटकहरूलाई आकर्षित गर्दछन्। यहाँ वनभोज खान र भिडभाडबाट टाढा समय बिताउन मानिसहरू पुग्छन्।

**पर्यटन र सेवा क्षेत्र**

वीरगन्ज नाका नजिक भएकाले यहाँ स्तरीय होटल, रिसोर्ट, रेस्टुरेन्ट र ट्राभल एजेन्सीहरूको राम्रोसंग सञ्चालनमा रहेका छन्। धार्मिक र व्यापारिक प्रयोजनका लागि आउने भारतीय तथा आन्तरिक पर्यटकहरूका कारण यहाँको सेवा क्षेत्र, क्यासिनो तथा हस्पिटालिटी व्यवसाय पर्साको अर्थतन्त्रको बलियो खम्बा बनेको छ।

## २.५ प्रमुख खानी, नदिजन्य उत्खनन केन्द्र

पर्सा जिल्ला भू-बनोटका हिसाबले धेरै ठूला र बहुमूल्य खनिज (जस्तै तामा, फलाम आदि) को व्यावसायिक खानी भएको जिल्ला होइन। तर, चुरे पहाडी शृङ्खलाको काख र भावर क्षेत्रमा अवस्थित भएकाले यो जिल्ला नदीजन्य निर्माण सामग्री (ढुङ्गा, गिट्टी, बालुवा) र खानीजन्य माटो/चुनढुङ्गाको दाना उत्खननका लागि मधेश प्रदेशकै एक प्रमुख क्षेत्र मानिन्छ।

पर्सा जिल्लाका प्रमुख खानी तथा नदीजन्य उत्खनन केन्द्रहरूको विवरण निम्न अनुसार छः

१. **प्रमुख नदीजन्य उत्खनन केन्द्रहरू**

पर्साका उत्तरी र पश्चिमी भेगमा बग्ने नदीहरू चुरे पहाडबाट बगेर आउने हुनाले हिउँदको समयमा यी नदीका बगरहरूबाट ठूलो परिमाणमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन गरिन्छ। यी सामग्रीहरू स्थानीय पूर्वाधारका साथै बारा-पर्सा औद्योगिक कोरिडोर र हुलाकी राजमार्ग निर्माणमा खपत हुन्छन्।

- **ओरिया नदी (ठोरी क्षेत्र):** पर्साको सुदूर उत्तर-पश्चिममा पर्ने ठोरी गाउँपालिका भएर बग्ने ओरिया नदी ढुङ्गा, बालुवा र गिट्टी उत्खननको सबैभन्दा ठूलो केन्द्र हो। यो क्षेत्र नेपाल-भारत सीमा नजिक रहेकाले यहाँको नदीजन्य सामग्रीको माग निकै उच्च रहन्छ।
- **गङ्गापुर र ठुटे खोला :** ठोरी र जीराभवानी क्षेत्रमा पर्ने यी खोलाहरू चुरे पहाडबाट बग्ने हुनाले वर्षायाममा बगाएर ल्याएका नदीजन्य पदार्थ संकलनका लागि स्थानीय तहहरूले हरेक वर्ष ठेक्का लगाउने मुख्य केन्द्रहरू हुन्।
- **गादी खोला र सिङ्गे खोला:** पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र) र पटेर्वा सुगौली गाउँपालिका आसपास पर्ने यी खोलाहरूबाट पनि वातावरणीय प्रभाव मूल्याङ्कन को परिधिभित्र रही स्वीकृत परिमाणमा नदीजन्य सामग्री उत्खनन गर्ने गरिन्छ।
- **तिलावे नदी:** जिल्लाको मध्यभाग भएर बग्ने तिलावे नदीको विभिन्न खण्डहरूबाट मुख्यतया **बालुवा** उत्खनन गरिन्छ, जुन भवन तथा सडक निर्माणमा व्यापक रूपमा प्रयोग हुन्छ।

**२. खानीजन्य उत्खनन (माटो तथा ढुङ्गा खानी)**

- **ईँटा उद्योगका लागि माटो उत्खनन :** पर्साको जगरनाथपुर, बहुदरमाई, धोबिनी र विन्ध्यवासिनी क्षेत्रमा दर्जनौं ईँटा उद्योगहरू सञ्चालनमा छन्। यी उद्योगहरूका लागि आवश्यक पर्ने उपयुक्त चिम्टयाइलो माटो का लागि स्थानीय खेत तथा बगर क्षेत्रहरूमा ठूला-ठूला माटो उत्खनन केन्द्रहरू रहेका छन्।
- **ढुङ्गा खानी (चुरे फेदी):** ठोरी र जीराभवानीका चुरे डाँडाका फेदीहरूमा (निकुञ्ज क्षेत्र बाहिर) साधारण ढुङ्गा उत्खनन गर्ने केही परम्परागत केन्द्रहरू छन्, जहाँबाट सडकको बेस र नदी नियन्त्रणका लागि ग्याबियन जाली भर्ने ढुङ्गा निकालिन्छ।

## २.६ प्रमुख अस्पताल, शैक्षिक प्रतिष्ठानहरु

पर्सा जिल्ला (विशेष गरी वीरगन्ज) मधेस प्रदेशकै प्रमुख स्वास्थ्य र शिक्षाको केन्द्र (Hub) हो। यहाँ विशिष्टीकृत स्वास्थ्य सेवा प्रदान गर्ने अस्पतालहरू र उच्च शिक्षाका लागि नाम चलेका शैक्षिक प्रतिष्ठानहरू रहेका छन्।

पर्साका प्रमुख अस्पताल तथा शैक्षिक प्रतिष्ठानहरूको विवरण निम्न अनुसार छः

## १. प्रमुख अस्पताल तथा स्वास्थ्य संस्थाहरू

- **नारायणी अस्पतालः** नेपाल सरकारको मातहतमा रहेको यो यस क्षेत्रकै सबैभन्दा पुरानो, ठूलो र प्रमुख **केन्द्रीय/प्रादेशिक सरकारी अस्पताल** हो। यो ५०० भन्दा बढी शय्या (Beds) को क्षमतामा सञ्चालित छ। पर्सा, बारा, रौतहट, सर्लाही तथा छिमेकी भारतीय सहरहरूबाट समेत सर्वसाधारणहरू यहाँ सस्तो र भरपर्दो उपचारका लागि आउँछन्। यहाँ सरकारी स्वास्थ्य बिमा कार्यक्रम समेत लागू छ।
- **नेसनल मेडिकल कलेज तथा शिक्षण अस्पतालः** त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यो यस क्षेत्रकै सबैभन्दा ठूलो निजी मेडिकल कलेज हो। यहाँ अत्याधुनिक प्रविधिसहितको स्वास्थ्य सेवा र मेडिकल (MBBS/MD) पढाइ हुन्छ।
- **वीरगन्ज हेल्थ केयर अस्पतालः** आधुनिक र आकस्मिक (Emergency) तथा क्रिटिकल केयर सेवाका लागि निजी क्षेत्रबाट सञ्चालित यो एक चिनिएको अस्पताल हो।
- **वयोधा अस्पताल :** सुविधासम्पन्न तथा मल्टिस्पेशालिटी सेवा प्रदान गर्ने निजी क्षेत्रको आधुनिक अस्पताल हो, जसले इमर्जेन्सी र ट्रमा केयरमा राम्रो पहिचान बनाएको छ।
- **आँखा अस्पताल (के.सी.एम. आँखा अस्पताल / लायन्स आँखा अस्पताल):** वीरगन्ज आँखाको उपचार र मोतियाबिन्दुको शल्यक्रियाका लागि नेपाल र भारतभरि नै प्रख्यात छ। यहाँ भारतीय बिरामीहरूको ठूलो चाप रहन्छ।

## २. प्रमुख शैक्षिक प्रतिष्ठानहरू

**मधेश विश्वविद्यालयः** मधेश प्रदेश सरकारद्वारा कानुन बमोजिम स्थापना गरिएको प्रदेशको आफ्नै गौरवमय केन्द्रीय विश्वविद्यालय हो, जसको केन्द्रीय कार्यालय पर्सा जिल्लाको वीरगन्जमा अवस्थित छ। मधेश प्रदेश सरकारले यसको स्थापना (२०७९ भदौ)मा गरेको हो।

**ठाकुरराम बहुमुखी क्याम्पस:** त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसको रूपमा स्थापित यो तराई क्षेत्रकै सबैभन्दा पुरानो र ऐतिहासिक क्याम्पसहरूमध्ये एक हो। यहाँ मानविकी, व्यवस्थापन, शिक्षा र विज्ञान संकायमा स्नातक (Bachelor) देखि स्नातकोत्तर (Master) तहसम्मको पढाइ हुन्छ। जिल्लाको राजनीतिक र प्रशासनिक जनशक्ति उत्पादनमा यसको ठूलो योगदान छ।

**वीरगन्ज नर्सिङ क्याम्पसः** त्रिभुवन विश्वविद्यालय (IOM) अन्तर्गत सरकारी स्तरमा नर्सिङ (PCL/B.Sc. Nursing) अध्यापन गराउने यस क्षेत्रको प्रमुख प्रतिष्ठान हो।

- **वीरगन्ज पब्लिक क्याम्पस (BPC):** पूर्वाञ्चल विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयसँग सम्बद्ध रही व्यवस्थापन (BBA, MBA, BBS, MBS) र सूचना प्रविधि (BIT) क्षेत्रमा उच्च गुणस्तरको शिक्षा प्रदान गर्ने अग्रगामी कलेज हो।
- **हरिखेतान बहुमुखी क्याम्पसः** सामुदायिक स्तरमा सञ्चालित यो क्याम्पस मध्यमवर्गीय विद्यार्थीहरूका लागि उच्च शिक्षा हासिल गर्ने भरपर्दो केन्द्र बनेको छ।
- **ज्ञानदा एकेडेमी, गौतम स्कुल/कलेज, र ग्लोबल बिजनेस कलेजः** उच्च माध्यमिक (+2) र स्नातक तहमा गुणस्तरीय शिक्षाका लागि वीरगन्जका प्रतिष्ठित नामहरू हुन्।
- **नेपाल राष्ट्रिय विद्यापीठ र सीटीइभीटी (CTEVT) सम्बद्ध संस्थाहरूः** जिल्लामा प्राविधिक र व्यावसायिक सीप (Sub-Engineer, Amin, Lab Technician) सिकाउने सरकारी तथा निजी प्राविधिक शिक्षालयहरू सक्रिय छन्।

# ३. मुख्य विषयवस्तु तथा कार्य सम्पादन समीक्षा

## क) संगठन, जनशक्ति तथा क्षमता अभिवृद्धि

- **केन्द्रीयस्तरको जिल्ला आर्थिक गणना अधिकारी र सहायकस्तरको तालिम**

जिल्ला आर्थिक गणना कार्यसमुहमा रहेका सबै कर्मचारीहरु तालिम प्राप्त रहेका थिए। मिति २०८२ साल फागुन २४ गतेदेखि २८ गतेसम्म ईन्जीनियरिङ् अध्ययन संस्थान, पुल्चोक ललितपुरमा आर्थिक गणना अधिकारी र सहायक आर्थिक गणना अधिकारीलाई तालिम आर्थिक गणना २०८२ को बारेमा तालिम संचालन गरिएको थियो। उक्त तालिममा सिकेका कुराहरु तालिम प्रात अधिकारीहरु मार्फत जिल्लास्तरमा संचालन हुने तालिममा सिकाउनुपर्ने भएकाले उक्त तालिम निकै महत्वपुर्ण रहेको थियो। ८४ वटा आर्थिक गणना कार्यालयका आर्थिक गणना अधिकारी, सहायक आर्थिक गणना अधिकारी र अन्य कर्मचारीहरुलाई प्रदान गरिएको उक्त तालिम निकै प्रभावकारी रह्यो। यस कार्यालयबाट जिल्ला आर्थिक गणना अधिकारी श्री पुष्कर विजुक्षे, सहायक आर्थिक गणना अधिकारी श्री तेज प्रसाद अधिकारी र सुपरिवेक्षक श्री मुनेश्वर प्रसाद साह सहभागि हुनुभएको थियो। यसैगरि, २०८२ चैत्र ११ गतेदेखि १३ गतेसम्म संचालन भएको **"राष्ट्रिय आर्थिक गणना, २०८२"** सम्बन्धी तालिममा कर्मचारीहरू खरिदार श्री नरेन्द्र प्रसाद यादव, गणक श्री सोनालाल साह तेली र स.ले.पा. प्रमोद चौधरीको सहभागिता रहेको थियो।

- **कार्यालय स्थापना**

२०८२ चैत्र १ गते जिल्ला आर्थिक गणना कार्यालय, पर्साको स्थापना भयो। पर्सा जिल्लाको सदरमुकाम वीरगंज महानगरपालिका वडा नं.-१२, मुर्ली बगैचा स्थित भाडाको भवनमा तथ्याङ्क समन्वय कार्यालय पर्सा रहेको स्थानमा नै जिल्ला आर्थिक गणना कार्यालय, पर्साको स्थापना भयो। तथ्याङ्क समन्वय कार्यालयमा नै कार्यालय स्थापना भएकाले कार्यालयलाई तत्कालै विभिन्न उपकरण तथा सामाग्रि खरिद गर्नुपर्ने अवस्था रहेन।

- **व्यवस्थापन समूह**

राष्ट्रिय आर्थिक गणना प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि पर्सामा जिल्ला आर्थिक गणना अधिकारीको नेतृत्वमा रहेको जिल्ला आर्थिक गणना कार्यालय पर्साको व्यवस्थापन समुहमा देहाय बमोजिम ८ जना कर्मचारीहरु रहेका थिय।

| | | |
|---|---|---|
| १. | जिल्ला आर्थिक गणना अधिकारी (रा.प.द्वि.) | १ जना |
| २. | सहायक आर्थिक गणना अधिकारी (रा.प.तृ.) | १ जना |
| ३. | सुपरिवेक्षक वा सो सरह (रा.प. अनंकित प्र. श्रेणी) | १ जना |
| ४. | लेखापाल वा सह लेखापाल (रा.प.अनंकित प्रथम / द्वितीय श्रेणी) | १ जना |
| ५. | गणक वा सोसरह (रा.प.अनंकित द्वितीय श्रेणी) | २ जना |
| ६. | कार्यालय सहयोगी (श्रेणीविहीन) | २ जना |
| | **जम्मा** | **८ जना** |

## • गणना समूह

पर्सा जिल्लाका प्रतिष्ठानहरुको स्थलगत विवरण संकलनका लागि ९ जना सुपरिवेक्षक र ६६ जना गणकहरुको दरबन्दी रहेको थियो। जिल्लाका विभिन्न पालिकामा रहेका प्रतिष्ठान तथा व्यवसायको अनुमानित सङ्ख्याको आधारमा कामको भारअनुसार देहायअनुसारको संख्यामा गणक तथा सुपरिवेक्षकहरुको कार्यक्षेत्र तोकिएको थियो।

तालिका १: स्थानीय तह अनुसार गणक/सूपरिवेक्षकको दरबन्दी विवरण

| क्र.स. | स्थानीय तहको कोड | स्थानीय तह | गणक संख्या | सूपरिवेक्षक संख्या |
|---|---|---|---|---|
| १ | २०८०१ | ठोरी गाउँपालिका | ३ | १ |
| २ | २०८०२ | जिराभवानी गाउँपालिका | २ | |
| ३ | २०८०३ | जगरनाथपुर गाउँपालिका | २ | |
| ४ | २०८०४ | पटेर्वा सुगौली गाउँपालिका | २ | १ |
| ५ | २०८०५ | सखुवा प्रसौनी गाउँपालिका | ४ | |
| ६ | २०८०६ | पर्सागढी नगरपालिका | ४ | १ |
| ७ | २०८०८ | बहुदरमाई नगरपालिका | ३ | |
| ८ | २०८०७ | वीरगंज महानगरपालिका | ३४ | ४ |

| क्र.स. | स्थानीय तहको कोड | स्थानीय तह | गणक संख्या | सूपरिवेक्षक संख्या |
|---|---|---|---|---|
| ९ | २०८०९ | पोखरिया नगरपालिका | ४ | १ |
| १० | २०८१४ | बिन्दबासिनि गाउँपालिका | २ | |
| ११ | २०८१० | कालिकामाई गाउँपालिका | १ | १ |
| १२ | २०८११ | धोबीनी गाउँपालिका | १ | |
| १३ | २०८१२ | छिपहरमाई गाउँपालिका | २ | |
| १४ | २०८१३ | पकाहा मैनपुर गाउँपालिका | २ | |
| जम्मा | | | ६६ | ९ |

- ## जिल्ला आर्थिक गणना समन्वय समिति गठन

जिल्लाभित्रका स्थानीय तहमा सञ्चालन हुने स्थलगत तथ्याङ्क सङ्कलन कार्यलाई समन्वयात्मक तवरले सम्पन्न गर्न पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा देहाय बमोजिमको जिल्ला आर्थिक गणना समन्वय समिति गठन भएको थियो।

क) प्रमुख जिल्ला अधिकारी, पर्सा — संयोजक
ख) जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समितिको कार्यालय — सदस्य
ग) प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय — सदस्य
घ) प्रमुख, जिल्ला प्रहरी कार्यालय — सदस्य
ङ) प्रमुख प्रशासकीय अधिकृत, वीरगंज महानगरपालिका — सदस्य
च) प्रतिनिधि, वीरगंज यातायात सेवा प्रा.ली., — सदस्य
छ) प्रतिनिधि, Hotel Association Nepal Madesh Pradesh — सदस्य
ज) प्रतिनिधि, उद्योग वाणिज्य संघ, पर्सा — सदस्य
ञ) निर्माण व्यवसायी संघ, पर्सा। — सदस्य
ट) जिल्ला आर्थिक गणना अधिकारी, जिल्ला आर्थिक गणना कार्यालय पर्सा - सदस्य सचिव

उपरोक्तानुसारको समन्वय समिततिको बैठक २०८२ चैत्र ५ गते, २०८३ साल जेठ १२ गते र असार १७ गते गरि ३ पटक बैठक बसेको थियो। समन्यव समितिमा मुख्यगरि

तथ्याङ्क संकलनको सिलसिलमा देखा परेका समस्याहरु समाधानका उपायहरुको बारेमा छलफल भएका थियो। सबै सङ्घ-संस्थाका प्रतिनिधिहरुले प्रचारप्रसारमा सहयोग र समन्वय गर्नुभएको थियो।

- **स्थानीय तह/वडा स्तरमा समन्वय/सहजिकरण समितिको गठन, स्थानीय तहसँग समन्वय र गणना कार्यमा सहजीकरणको अवस्था र प्रभावकारिता।**

पर्सा जिल्लास्थित गाउँपालिका/नगरपालिकाभित्र हुने आर्थिक गणना कार्यलाई सहयोग र सहजीकरण गर्नका साथै आफ्नो क्षेत्रभित्र आर्थिक क्रियाकलाप सञ्चालन गर्ने व्यवसाय तथा प्रतिष्ठानको पूर्ण गणना भएको प्रत्याभूत गर्न सबैजसो स्थानीय तहका अध्यक्ष/प्रमुखको संयोजकत्वमा "स्थानीय आर्थिक गणना समन्वय समिति" र वडा अध्यक्षको संयोजकत्वमा "आर्थिक गणना वडा सहजीकरण समिति" गठन भएको थियो। केहि स्थानिय तहमा कार्यलयबाट र केहिमा सुपरिवेक्षक मार्फत आर्थिक गणनाको बारेमा अन्तर्क्रिया तथा अभिमुखिकरण कार्यक्रम समेत सम्पन्न भएको थियो।

- **प्रतिष्ठानहरुको अनुमानित संख्या**

पर्सा जिल्लामा अनुमानित २३,२९७ वटा प्रतिष्ठानहरु रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुमान रहेको थियो। जसमध्ये करिब ५६.२ प्रतिशत प्रतिष्ठानहरु वीरगंज महानगरपालिकामा रहेको प्रारम्भिक अनुमान रहेको छ।

तालिका २: पर्सा जिल्लाका अनुमानित प्रतिष्ठानहरुको संख्या (स्थानीय तह अनुसार)

| क्र.स. | स्थानीय तह | अनुमानित प्रतिष्ठानहरुको संख्या |
|---|---|---|
| १ | ठोरी गाउँपालिका | ८१३ |
| २ | जिराभवानी गाउँपालिका | ७३८ |
| ३ | जगरनाथपुर गाउँपालिका | ५६१ |
| ४ | पटेर्वा सुगौली गाउँपालिका | ५७० |
| ५ | सखुवा प्रसौनी गाउँपालिका | १३३१ |
| ६ | पर्सागढी नगरपालिका | १३०० |
| ७ | बिरगन्ज महानगरपालिका | १३०८५ |

| क्र.स. | स्थानीय तह | अनुमानित प्रतिष्ठानहरुको संख्या |
|---|---|---|
| ८ | बहुदरमाई नगरपालिका | १०५१ |
| ९ | पोखरिया नगरपालिका | १३९८ |
| १० | कालिकामाई गाउँपालिका | ३२४ |
| ११ | धोबीनी गाउँपालिका | ३७५ |
| १२ | छिपहरमाई गाउँपालिका | ५९४ |
| १३ | पकाहा मैनपुर गाउँपालिका | ४८९ |
| १४ | बिन्दबासिनी गाउँपालिका | ६६८ |
| **जम्मा** | | **२३२९७** |

- **जनशक्ति व्यवस्थापन**

पर्सा जिल्लाका सबै स्थानीय तहमा करारमा गणक तथा सुपरिवेक्षकका लागि २०८२ चैत्र ११ गते राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक सुचिमा विभिन्न स्थानीय तहका गरि १४१ गणक र १९ सुपरिवेक्षक गरि कुल १६० जनाको नाम प्रकासित भएको थियो जसमध्ये १०९ जना गणक र १५ जना सुपरिवेक्षक गरि कुल १२४ जना अन्तर्वातामा सहभागि भएका थिए। सबै पालिकामा कम्तिमा आवश्यक संख्यामा गणकहरु अन्तर्वातामा उपस्थित भएका थिए। करार सेवामा रहेका गणकहरुमध्ये ६२.० प्रतिशत महिला थिए भने सुपरिवेक्षकहरुमा ६७.० प्रतिशत महिला सहभागिता रहेको थियो। सबै गणकहरुको योग्यता १०+२ वा प्रमाणपत्र तह उत्तिर्ण रहेका थिए भने सुपरिवेक्षकहरु स्नातक तह उत्तिर्ण रहेका थिए।

नौ जना सुपरिवेक्षकहरु मध्ये ५ जनालाई उनिहरुको स्थायी बसोबास भएको स्थानीय तहमा कार्यक्षेत्र तोकिएको थियो भने बाँकिलाई छिमेकि स्थानीय तहका जिम्मेवारी तोकिएको थियो। अनुमानित प्रतिष्ठान संख्या र भौगोलिक स्थितिलाई आधारमानि प्रति सुपरिवेक्षक ६ देखि १० जनासम्म गणकहरुलाई सुपरिवेक्षण गर्ने कार्य तोकिएको थियो। यसैगरि, करिब ८० प्रतिशत गणकहरुलाई आफ्नै वडा मा र बाँकि २० प्रतिशतलाई छिमेकि वडामा कार्यक्षेत्र तोकिएको थियो। भौगोलिकता र प्रतिष्ठानको सघनताको आधारमा सुपरिवेक्षक गणक अनुपात मिलाईएको थियो। रा.त.का.ले उपलब्ध गराएको अनुमानित प्रतिष्ठानको आधारमा प्रति गणक सहरि क्षेत्रमा

करिव ४००-५५० र ग्रामिण क्षेत्रमा २००-४५० प्रतिष्ठान पर्नेगरी जिम्मेवारी वाडफाँड गरिएको।

पर्सामा आर्थिक गणना सुरुहुनु भन्दा अघि ठोरि गाउँपलिकामा १ जना र वीरगंज महानगरपालिकामा ३ गरि ४ जनाको स्थानमा बैकल्पिक उम्मेदवारहरुलाई नियुक्ति दिइएको थियो। सबै गणकहरुले ५ दिने तालिम प्राप्त गरेका थिए। आर्थिक गणना सुरु भएपछि कुनै पनि गणक तथा सुपरिवेक्षकले बीच मै कार्य छाड्ने काम भएन।

- **जिल्ला तहको तालिम सञ्चालन र यसको प्रभावकारिता**

२०८२ चैत्र २६ गतेदेखि ३० गतेसम्म आर्थिक गणना २०८२ को लागि पर्सा जिल्लामा करारमा खटिनुहुने सुपरिक्षेक तथा गणकलाई आर्थिक गणनाको विषयमा तालिम प्रदान गरिएको थियो। २५/२५ जना सहभागिहरुलाई ३ समुहमा विभाजन गरि तालिक दिइएको थियो। उक्त तालिम डेसिमल पब्लिक कलेज, पानीटंकि, वीरगंजमा विहान १० बजेदेखि साँझ ५ बजेसम्म संचालन भएको थियो।

मुख्य गरि राष्ट्रिय तथ्याङ्क कार्यालयले तयार पारेको प्रस्तुतिकरण तालिम कार्यतालिका अनुसार नै संचालन भएको थियो। जिल्ला आर्थिक गणना अधिकारी, सहायक आर्थिक गणना अधिकारी, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आउनुभएका विज्ञ र कार्यालयमा रहनुभएका सुपरिवेक्षक र अन्य गणक तथा खरिदारले स्रोत व्यक्तिको रुपमा प्रशिक्षक भई कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। सहभागिहरुसंग छलफल गरि प्रयोगात्मक पक्षलाई बढी ध्यान दिएर तालिम संचालन भएको थियो। प्रत्येक दिनमा शत्र समाप्तिपश्चात तालिममा सहभागिहरुले तालिमका विषयवस्तुसँग सम्बन्धित प्रश्नोत्तर कार्यक्रम संचालन भएको थियो भने तालिमको प्रत्येक दिन १०:००-१०:१५ सम्म पुनरावलोकन कक्षा संचालन भएको थियो। तालिमका दैरानमा उठेका प्रश्न तथा जिज्ञासाको सामधान सम्बन्धित प्रशिक्षकहरुबाट नै भएको थियो।

सबै सहभागिहरुको सक्रिय सहभागिता रहेको यस तालिममा प्रविधिको प्रयोग सहितको सहभागितामुलक कक्षा संचालन भएको थियो। तालिममा अनुपस्थित संख्या न्युन रहेको थियो। तालिम अबधि ५ दिन मात्र भएको र समेट्नुपर्ने विषयबस्तुहरु धेरै भएकाले कुनै कुनै शत्रमा समयम अभावको कारणले सबै विषयवस्तु समेट्न असहज भएको थियो। यसैगरि, गणनाक्षेत्रको नमुना क्षेत्रको नक्सा नभएकाले गणना क्षेत्र (EA) पहिचान गर्ने विधि; प्लस कोड तथा गणना नक्सा प्रयोग गर्ने अभ्यास / फिल्ड अभ्यास गराउन नसकिएको स्थितिमा gis.nsonepal.gov.np

वेवसाईट मार्फत नक्सा नं. को आधारमा तालिम केन्द्र वरिपरिका क्षेत्रमा अभ्यास गराईएको थियो।

- **निष्कर्ष र सुझाब**

जिल्ला आर्थिक गणना कार्यालयका व्यवस्थापन समुहमा रहेका सबै कर्मचारीहरु तालिम प्राप्त रहेका, केन्द्रबाट विज्ञको रुपमा स्रोत व्यक्तिहरु आउनुभएको र तालिम हलको राम्रो व्यवस्था भएकाले तालिम सफलतापुर्वक संम्पन्न भयो।

## ख) स्रोतसाधन, बजेट तथा गणना सामग्री व्यवस्थापन

- **बजेटको अवस्था**

जिल्ला आर्थिक गणना कार्यालय, पर्सामा कुल विनियोजित बजेट रु.८९ लाख ६२ हजार ८ सय ४० मध्ये ९८.५७ प्रतिशत बजेट खर्च भएको छ।

तालिका ३: विनियोजित बजेट र खर्चको स्थिति

| क्र.स. | विवरण | बजेट | खर्च | बाँकी बजेट | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | चालु खर्च | ८९०२८४० | ८७७५०८४ | १२७७५६ | ९८.५६% |
| २ | पुँजिगत खर्च | ६०००० | ५९८९० | ११० | ९९.८२% |
| | **जम्मा** | **८९६२८४०** | **८८३४९७४** | **१२७८६६** | **९८.५७%** |

- **गणना सामग्रीको पर्याप्तता र गुणस्तर**

आर्थिक गणनाका लागि केन्द्रबाट आवश्यक मात्रामा क्याप, स्टिकर, डायरी, प्रश्नावलीहरु, गणना पुस्तिकाहरु प्राप्त भएको थियो। पर्साबाट झोला, बल पेन, प्लास्टिकको झोला, छाता लगायत आवश्यक अन्य गणना सामाग्रिहरुको समुचित व्यवस्था गरिएको थियो। सिमेन्टेड भएको ठाउँमा स्टिकर राम्रोसंग नटाँसिएकाले गणकहरुलाई अन्य काठ, सिसा जस्ता सजिलैसंग स्टिकर टाँसिने स्थानहरुमा टाँस गर्नको लागि अनुरोध गरिएको थियो। गणनामा प्रयोग गरिएका अन्य सामाग्रिहरु उच्च गुणस्तरिय रहेका थिए।

- **गणना सामग्रीको प्याकिङ तथा ढुवानीको अवस्था**

गणनामा संकलन गरी भरिएका प्रश्नावली फारम तथा सुचिकरण फारम कार्यालयबाट २०८३ बैशाख १५ गतेदेखि सुरु गरिएको थियो। सुपरिवेक्षकले गणकहरूको कार्यको सुपरिवेक्षण गर्ने, गणकबाट भरिएका फाराम गणना जाँचबुझ गरी बुझिलिने, कार्यलयका कर्मचारीहरुबाट सम्पादन गर्ने, सहायक आर्थिक गणना अधिकारीबाट सम्पादन रुजु गर्ने काम पनि सोहि मिति देखिनै सुरु भएको थियो। यसरि, कार्यालय प्रश्नावलीमा भरिएका विवरणको सामान्जस्यता कायम राख्ने र गुणस्तरियता कायम राख्ने काममा सुरुदेखिनै लागिपरेको थियो।

२०८३ असार १ गतेदेखि गणना सम्पन्न भएका पालिका तथा वडाका गणकहरुबाट प्रश्नावलीका साथसाथै कन्ट्रोल फारम र कार्य सम्पन्नता फारम बुझ्ने काम सुरु भयो सुरुमा वीरगंज म.न.पा. बाहेकका गणक तथा सुपरिवेक्षकहरुबाट सुरु भएको उक्त काम असार १८ गतेसम्म भएको थियो। अन्य केहि छुटपुट स्थानहरुमा कार्यालयका कर्मचारीहरु स्वयम् खटीएर प्रश्नावली भर्ने काम भएको थियो। यसरी, भरिएका सबै फारमहरु गणनाक्षेत्र अनुसार अलग अलग प्याक गरी वडा वा स्थानीय तह अनुसार बोरामा प्याक गर्ने काम भयो। बोरामा स्थानीय तह/वडाको कोड अनुसार बढ्दो क्रममा बोरा नं. लेखियो। जम्मा जम्मि साना ठुला गरी प्रश्नावलीहरु ३६ प्याक, अन्य ४ गरि कुल ४० वटामा प्याकिङ्ग गरियो। प्याकिंग भएको बोरामा जिल्ला, स्थानीय तह, वडा र गणना क्षेत्र लेख्ने काम समेत भएको थियो।

यसरी प्याक गरिएका १४ स्थानीय तहका २१० वटा गणना क्षेत्रमा २१,९२५ वटा भरीएका फारम मिति २०८३ असार २५ गते सहज तथा सुरक्षित तबरले ढुवानी गरि राष्ट्रिय तथ्याङ्क कार्यालयमा बुझाउने काम सम्पन्न भयो।

## ग) प्रश्नावली, निर्देशिका तथा वर्गीकरणको व्यवहारिकता

- **प्रश्नावलीको सहजता/क्लिष्टता**

आर्थिक गणनामा प्रयोग गरिएको प्रश्नावली स्पष्ट र सहज रहेको थियो। सुरु-सुरुमा गणकहरुलाई बुझ्नमा केहि कठिनाई भएको भएता पनि कार्यालयबाट गरिएको सुपरिवेक्षण र अनुगमनको सिलसिलमा उनिहरुलाई थप प्रश्ट पारिएको थियो। मुख्य गरि खण्ड १२ अन्तर्गतको वार्षिक संचालन खर्च र बिक्रिमा गणहरुले ES2 मा तोकिएको सन्दर्भ अवधिमा बिक्रि भएका बस्तुको खरिद मुल्य लेख्नु पर्नेमा अघिल्लो आर्थिक वर्षमा रहेको मौज्दातको खरिद मुल्य पनि लेखेको पाईएकोमा यसलाई प्रष्टाउने काम भएको थियो।

ई-सेन्ससमा सहभागि भएका प्रतिष्ठानहरुलाई प्रदान गरिएको पर्चामा गणना पुस्तिका सबै समेट्न सम्भव थिएन। त्यस्ता प्रतिष्ठानहरुले विवरण भर्ने सिलसिलामा केहि द्बिविधा भएको पाईएको थियो। जस्तैः मुख्य कार्यालय र एकल ईकाइ। व्यवस्थित रुपमा लेखा नराख्ने प्रतिष्ठानहरुले संचालन खर्च र विक्रि तथा खरिद मुल्यको विवरण अनुमानको आधारमा उपलब्ध गराएका थिए।

- **गणना पुस्तिका, अधिकारी पुस्तिकाको अवस्था**

कार्यालयका कर्मचारीहरुले प्रयोग गरेको अधिकारी पुस्तिका, गणकहरु तथा सुपरिवेक्षकहरुलाई गणनामा उपलब्ध गराइएको गणना पुस्तिकामा अधिकांस कुराहरुको व्याख्या तथा प्रष्टिकरण गरिएको भएता पनि सुधार गर्नुपर्ने धेरै कुराहरु रहेका थिए। व्यवहारिक रुपमा हुने समस्याहरु समेट्न सकिएको थिएन। जस्तैः धेरै यातायात व्यवसायिहरुको लागि एक जना मात्र व्यक्तिले टिकट काउन्टर खोलेर सेवा दिएको अवस्थामा के गर्ने? कुनै किसानले आफ्नै बारिबाट तरकारी तथा फलफुल उप्पादन गरि हाटबजारमा बिक्रि गरिरहेको अवस्थामा उसको लागत संचालन खर्चमा लेख्ने कि खरिद मुल्य वाला स्थानमा लेख्ने। गणना पुस्तिकामा भेटिएका केहि त्रुटिहरुलाई सच्चाउन रा.त.का. ले थप प्रष्ट पारिएका विषयहरु भनेर ४-५ पेजको थप फाईल पठाएको भएता पनि सबै समेट्न सकिएको थिएन। सन्दर्भ अवधि र दिनको सवालमा गणना पुस्तिकामा भएका कुराहरु सम्झन लायक थिएनन्। दोस्रो चोटि भएको गणनामा अघिल्लो गणनाबाट सिकेर त्रुटिहरु कम गर्नुपर्नेमा हेलचक्राई गरेको देखिएको थियो। जसले यत्रो ठुलो राष्ट्रिय कार्यक्रममा संस्थागत मेमोरिलाई प्रयोग गर्नुपर्नेमा पुर्ण रुपमा नजरअन्दाज गरेको देखियो।

- **नेपाल स्तरीय औद्योगिक वर्गीकरण (NSIC) को प्रयोग**

आर्थिक गणनामा गणकले हरेक प्रतिष्ठान/व्यवसायको प्रमुख आर्थिक क्रियाकलापको NSIC 1 Digit र 4 Digit कोड भर्नुपर्दछ भने सुपरिवेक्षकले गणकले भरेको मुख्य आर्थिक क्रियाकलापसम्बन्धी प्रतिष्ठानको मुख्य आर्थिक क्रियाकलाप हो होइन निश्चित गरेर सोही क्रियाकलापको आधारमा 4 Digit NSIC लेख्नुपर्दछ। उल्लिखित आर्थिक क्रियाकलापको कोड नेपालस्तरीय औद्योगिक वर्गीकरण (NSIC) कोड सङ्क्षिप्त पुस्तिकामा दिइएको थियो। सङ्क्षिप्त पुस्तिकाको अलबा गणक पुस्तिका र

https://ec.nsonepal.gov.np/html/nsic.html को प्रयोग गरि पर्सा जिल्लामा गणक र सुपरिवेक्षकले 4 Digit NSIC कोड लेख्नुभएको थियो। सङ्क्षिप्त पुस्तिकामा नभेटेका कोडहरु दिइएको लिङ्कमा सजिलैसंग उपलब्ध हुने र खोज्न पनि प्रभावकारी भएको थियो।

पहिलो अङ्क समूह (1 digit group) मा आर्थिक गतिविधिको मुख्य स्वरूप (Major Category) छुट्याइएको छ र दोस्रो, तेस्रो तथा चौथो अङ्क समूहमा क्रमशः विशेष (Specific) समूह बनाई समूहीकृत गरिएको छ। यो वर्गीकरणले विस्तृत आर्थिक क्रियाकलापको तथ्याङ्क सङ्कलन तथा प्रस्तुति गर्न, राष्ट्रिय अर्थतन्त्रको संरचना बुझ्न, कुल गार्हस्थ्य उत्पादन (GDP) मा विभिन्न क्षेत्रको योगदान विश्लेषण गर्न, आर्थिक नीति निर्माण गर्न, अन्तराष्ट्रिय तुलनायोग्य बनाउन मद्दत गर्दछ। यो वार्गीकरणले प्रतिष्ठानको आर्थिक क्षेत्र पहिचान गर्न सघाउ पुऱ्याउँछ।

- **प्रश्नावलीगत प्रतिक्रिया**

विवरण संकलनको सिलसिलामा गणक तथा उत्तरदाताहरुलाई सुरुको प्रतिष्ठान/व्यवसाय रहेको भौगोलिक क्षेत्र तथा सम्पर्क विवरण सजिलैसंग जवाफ दिएका भए पनि त्यसको लगत्तै रहेको खण्ड ३ को दर्ता तथा वैधानिक स्थितिसम्बन्धी विवरण लिन निकै कठिन भएको थियो। मुख्य गरि उत्तरदाताहरुमा करको लागि गणना भएरहेको छ। अब, सबै करको दायरामा आउनुपर्छ, हाम्रो आम्दानिमा ह्रास आउँछ जस्ता भयले विवरण टिपाउन हिच्किचाएका थिए। खण्ड ८ मा रहेको प्रतिष्ठानमा संलग्न व्यक्तिहरुको विवरण र खण्ड १२ मा रहेको सन्दर्भ अवधिको बार्षिक सञ्चालन खर्च र विक्रिको सहि विवरण लिन गणक तथा सुपरिवेक्षकहरुलाई हम्मे हम्मे परेको थियो। व्यवसायिहरु गोपनियताको कारणले यस्ता विवरण टिपाउन असहज मानेका थिय।

- **सामाञ्यस्यता जाँचमा कठिनाई भएका प्रश्नहरु**

प्रतिष्ठान/व्यवसायको प्रमुख आर्थिक क्रियाकलापको NSIC 1 Digit कोडले उत्पादन हो कि व्यपार हो छुट्याउने तर पछाडि खण्ड १२ मा कुन कुन मा आउने भन्नेकुरा मुख्यगरि सामाञ्यस्ता जाँचमा कठिनाई परेको थियो। तलबि कामदार र तलब खर्च बिचमा तालमेल मिलाउन नि सकस परिरहेको थियो। उत्तरदाताले सामान्यतया खर्चमात्र देखाउने नाफा वा उत्पादन नभएको भनेर टिपाउने गरेका थिए।

- **निष्कर्ष र सुझाव**

आर्थिक गणनामा प्रयोग भएको प्रश्नावली उत्कृष्ठ रहेको थियो। सबै क्षेत्रका प्रतिष्ठान तथा व्यवसाय समेट्ने खालको थियो। गणनामा केहि विवरण लिन र उत्तरदातालाई उत्तर दिन समस्या परेपनि समग्रमा राम्रो रहेको थियो।

## घ) तथ्याङ्क सङ्कलन, गणना विधि र प्राविधिक पक्ष

### • तथ्याङ्क सङ्कलन र गणना विधि

गणनामा मुख्य गरेर दुई प्रकारको प्रश्नावली फारामहरू प्रयोगमा ल्याई तथ्याङ्क सङ्कलन गरिएको थियो।

१. **सूचीकरण फाराम:** सञ्चालित वा अस्तित्वमा रहेका तोकिएका सबै आर्थिक प्रतिष्ठान वा व्यावसायिक एकाइको सूचीकरण फाराम भरिएको।

२. **मुख्य प्रश्नावली:** सूचीकरण गरिसकिए लगत्तै आर्थिक एकाइहरूको विस्तृत विवरण मुख्य प्रश्नावलीमा सङ्कलन गरिन्छ।

गणनामा गणक तथा सुपरिवेक्षकले सञ्चालनमा रहेका प्रतिष्ठान/व्यवसायको सञ्चालन स्थलमै भौतिक रूपमा उपस्थित प्रश्नावलीमार्फत विवरण सङ्कलन गरेका थिए। गणकमार्फत प्रतिष्ठान रहेको स्थानमा पुगी कागजी प्रश्नावलीको माध्यमबाट विवरण सङ्कलन गर्ने क्रममा प्रतिष्ठानको धनी, प्रबन्धक, व्यवस्थापक वा निजले तोकेको प्रतिनिधिसँग प्रत्यक्ष अन्तर्वार्ता गरी विवरण भरिएको थियो भने केहि इच्छुक प्रतिष्ठान/व्यवसायीहरुलाई इ-सेन्सस (इन्टरनेट) को माध्यमबाट पनि आफ्ना विवरणहरू उपलब्ध गराउने सुविधा पनि दिईएको थियो।

### • इ-सेन्सस (e-Census) सञ्चालन

पर्सा जिल्लामा इ-सेन्सस मार्फत हुने गणनालाई प्रथमिकता दिइएको थिएन। वीरगंज म.न.पा. बाहेक अन्य पालिकामा कार्यक्षेत्र परेका गणकहरुलाई यस माध्यमबाट हुने गणना सकेसम्म इ-सेन्सस टोकन नदिन भनिएको थियो। इ-सेन्ससमा भाग लिन चाहेका प्रतिष्ठानहरूले अनलाइन प्रश्नावली नभरेको अवस्थामा पुन त्यस स्थानमा गई आग्रह गर्नुपर्ने तथा नभरेमा पुनः कागजि प्रश्नावलीनै भर्नुपर्ने भएकाले यसो गरिएको थियो। पर्सामा १२१ वटा प्रतिष्ठानहरुले यस माध्यमबाट गणनामा सहभागि भएकोमा १ वटा मात्र वीरगंज वाहेकको पालिकाबाट भएको थियो।

पहिला इ-सेन्ससमा भाग लिन चाहेका ११५ प्रतिष्ठानहरूले पछि काजगि प्रश्नावलीमार्फत गणनामा सहभागि भएका थिए। जसमध्ये १४ वटा प्रतिष्ठानहरुले आशिंक विवरण अनलाइन प्रश्नावली भरेको अवस्थालाई रद्द गरि कागजि प्रश्नावली भरिएको थियो।

इ-सेन्ससको लागि उपलब्ध गराईएको लिङ्क कहिले काँहि नखुल्ने, प्रतिष्ठानमा संलग्न जनशक्ति नभरेपनि अर्को खण्डमा जाने, कुनै आवश्यक विवरण उत्तरदाताले जे मन लाग्यो त्यहि भरिदिने गरेको कुरा रुजु गर्ने समयमा पत्ता लाग्यो। वीवरण दिन नखोज्ने प्रतिष्ठानहरुले सुरुमा अनलाइन प्रश्नावली भरिदिन्छु भन्ने र पछि १० चोटि सम्म फलोअप समेत गर्नुपरेको अवस्था सिर्जना भएको थियो। केहि प्रतिष्ठानहरुलाई स्पष्टिकरण समेत सोध्नुपरेको थियो।

- **गणना क्षेत्रको पहिचान**

पर्सा जिल्लाका १४ वटा स्थानीय तहमध्ये १ महानगरपालिकामा भएका ३२ वटा वडामा १२८ वटा गणना क्षेत्र, ३ वटा नगरपालिकाका २८ वटा वडामा ३० वटा गणना क्षेत्र र अन्य १० वटा गाउँपालिकाका ५२ वटा वडाका सिङ्गो वडा नै गणनाक्षेत्र रहेका ५२ गणना क्षेत्र गरि कुल २१० वटा गणना क्षेत्र रहको थियो। मुख्य गरि कुनै पनि प्रतिष्ठान/व्यवसाय गणनाबाट नछुटोस्, तथ्याङ्कमा दोहोरोपना नआओस र कार्यभारको समान बाँडफाँट होस् भनेर यसरी गणना क्षेत्र निर्धारण गर्नुपरेको थियो।

- **गणनाक्षेत्र नक्शाको प्रयोग**

आर्थिक गणनाको क्रममा प्रत्येक गणकहरुलाई गणना कार्य सुरुहुन भन्दा अगाडी नै तोकिएको भौगोलिक क्षेत्र स्पष्ट रूपमा पहिचान कार्यक्षेत्र परेको गणनाक्षेत्रको नक्शा उपलब्ध गराईएको थियो। प्रत्येक गणनाक्षेत्र नक्सामा प्रदेश, जिल्ला, स्थानीय निकायको नाम; वडा नम्बर; गणनाक्षेत्र नम्बर; नक्सा नम्बर; Open street Base Map; स्केल; र गणनाक्षेत्रको सिमानामा चारवटा Open Location Code (OLC plus code) उल्लेख गरिएको थियो। यिनै सूचनाहरूको सहायताबाट गणकले आफ्नो कार्य क्षेत्र पत्ता लगाई तोकिएको कार्य सम्पन्न गरेका थिए। अझ, अधिकांश गणकहरुलाई आफ्नै वडामा कार्यक्षेत्र तोकेको भएकाले गणनाक्षेत्र पत्ता लागउन सजिलो भएको थियो। रा.त.का. को भौगोलिक सूचना प्रणाली शाखाले उपलब्ध गराएको लिङ्क https://gis.nsonepal.gov.np/ प्रयोग गरि अनलाईन गणनाक्षेत्र नक्शा समेत प्रयोग गरिएको थियो।

- **प्लसकोड (Plus Code) को प्रयोग**

गणकहरुले आफूसँग भएको स्मार्ट फोनको सहायताले ११ अङ्कको गुगलप्लस कोड पहिचान गरी गणना गरिने प्रतिष्ठान/व्यवसायको प्लस कोड प्रश्नावलीमा भर्नुपर्ने थियो। पर्सा जिल्लाका छिपहरमाई गाउँपालिका, ठोरि गाउँपालिका जस्ता केहि पालिकाका कुनै कुनै स्थानमा मोवाईलको नेटवर्कको समस्याले गर्दा केहि प्रतिष्ठानहरुको प्लस कोड प्रश्नावलीमा भरिएको छैन भने अन्य स्थानमा सो समस्या देखा परेको थिएन। यसैगरी, कुनै बेला तिव्र हावाहुरि र पानि परेर विजुलिको समस्या परेर मोबाईल स्विच अफ हुँदाको बखतमा गणना कार्य रोक्नुपरेको थियो। पछि तथ्याङ्क कार्यालयको निर्देशन अनुसार त्यस्तो अवस्था आईपरेमा प्लस कोड बाहेक अन्य विवरण प्रश्नावलीमा भर्न भनिएको थियो।

- **तथ्याङ्क सङ्कलनको अवधि**

आर्थिक गणना वि.सं. २०८३ वैशाख २ गतेदेखि २०८३ असार ७ गतेसम्म तोकिएको थियो। पर्सा जिल्लाको हकमा वीरगंज महानगरपालिका बाहेकका अन्य पालिकाहरुमा तोकिएको समय अगावै गणना सम्पन्न भएको थियो। वीरगंज महानगरपालिकाका कुनै कुनै स्थापमा अन्तिम दिनसम्म पनि गणकहरु फिल्डमा नै हुनुभएको थियो। यसैगरी, गणकहरुमा गणनाक्षेत्र विभाजनमा द्विविधा भएकाले असार ८ गते वीरगंज म.न.पा.को वडा नं. ६ को गणना क्षेत्र ५ मा सामुहिक गणना समेत गरिएको थियो। प्रतिष्ठानहरुले सुरुमा अनलाइन प्रश्नावली भरिदिन्छु भनेर पटक पटक फलोअप गर्दापनि विवरण उपलब्ध नगराउने प्रतिष्ठानहरुको गणना असार ११ गतेसम्म भरिएको थियो।

- **दैनिक गणना प्रतिवेदन**

राष्ट्रिय आर्थिक गणना, २०८२ को कार्यप्रगतिको विवरण प्राप्त गर्ने विधिलाई व्यवस्थित, छिटो तथा प्रभावकारी बनाउन अनलाइन दैनिक प्रतिवेदन प्रणाली (Online Daily Reporting System) बनाइएको थियो। गणकले प्रत्येक दिन गणना कार्य सम्पन्न गरेपछि मोबाइल, ट्याबलेट वा कम्प्युटर प्रयोग गरी वेबपेजमा लगइन गरेर दैनिक प्रतिवेदन पेश गर्नुपर्ने थियो। लगइन गर्नका लागि प्रत्येक गणकलाई जिल्ला आर्थिक गणना कार्यालयले Username र Password उपलव्ध गराएको थियो। गणकहरुले सोहि Username र Password प्रयोग गरि **अनलाइन लिङ्क:** **http://ecensus.nsonepal.gov.np:81** **मा** Online Daily Reporting गरेका थिए। यसले गणना

कार्यको दैनिक प्रगति सजिलै अनुगमन तथा विश्लेषण गर्न मद्दत गरेको थियो। गणकले अपेक्षा अनुसारको प्रगित भए नभएको एकिन गरि आवश्यक कदम चाल्नका लागि समेत सहयोग गरेको थियो।

- **निष्कर्ष र सुझाब**

पर्सामा आर्थिक गणनाको तथ्याङ्क संललनका लागि २१० वटा गणना क्षेत्रमा ६६ जना गणक र ९ जना सुपरिवेक्षक खटिनुभएको थियो। कागजि प्रश्नावली र इ-सेन्सस गरि विवरण २२,०४६ वटा विवरण भरिएकोमा इ-सेन्सस मार्फत जम्मा १२१ वटा प्रतिष्ठानहरुको विवरण लिईएको थियो। गणकहरुलाई उपलब्ध गराईएको गणनाक्षेत्र नक्शा प्रयोग गरि आफुलाई तोकिएको गणनाक्षेत्रमा विवरण संकलन गरेका थिए। Online Daily Reporting मा गणकहरुले आफुले दिनभरिमा विवरण लिएका प्रतिष्ठानको संख्या गणकले गणनाक्षेत्र अनुसार इन्ट्रि गरिदिनुभएको थियो। यसले गणना कार्यको दैनिक प्रगति सजिलै अनुगमन तथा विश्लेषण गर्न मद्दत गरेको थियो।

## ङ) सुपरिवेक्षण, अनुगमन र समन्वय

- **तथ्याङ्क सङ्कलनको सुपरिवेक्षण र अनुगमन**

२०८३ बैशाख २ गतेबाट गणना सुरु भएपछि त्यस लगत्तै ३ गतेदेखि नै कार्यालयले वीरगंज म.न.पा. मा कार्यक्षेत्र परेका गणक तथा सुपरिवेक्षकहरुलाई कार्यालयमा बोलाएर र अन्य पालिकामा कार्यक्षेत्र परेकाहरुलाई पायक पर्नेहरुको हकमा कार्यलयमानै र नपर्नेहरुको हकमा उनिहरुको कार्यक्षेत्रमा गएर नै स्थलगत गणना कार्यको गुणस्तर नियन्त्रणका लागि पहल गरेको थियो। भरिएका प्रश्नावलीहरुको रुजु, स्थलगत कार्यमा देखापरेका समस्याहरु, व्यवहारिक कठिनाई, उत्तरदाताको बुझाई, तालिममा नसमेटिएका तर प्रश्नावली भर्ने क्रममा देखा परेका समस्याहरुको बारेमा प्रशिक्षित गरिएको थियो। गणकहरुलाई आवश्यक सुझाव तथा निर्देशन दिइएको थियो। यो कार्य पहिलो हप्ताभरि चलेको थियो।

कार्यालयले विभिन्न समुह बनाएर सबैजसो पालिकामा कम्तिमा हप्ताको १ पटक स्थलगत अनुगमन तथा सुपरिवेक्षण गरेको थियो। त्यसक्रममा देखा परेका समस्याहरुलाई समाधान गर्नुका साथै उत्तरदाताहरुसंग भेटेर गणकहरुको व्यवहार तथा भुमिकाको समेत मूल्याङ्कन

गरिएको थियो।  २०८३ जेठ १४ देखि १७ सम्म एक क्षेत्रमा सुपरिवेक्षणको जिम्मा परेका सुपरिवेक्षकलाई अर्को क्षेत्रमा क्रस चेकको लागि समेत फिल्ड भेरिफिकेसन र अनुगमनको लागि खटाईएको थियो। यो तरिका निकै प्रभावकारी भएको थियो।

बैशाख १५ गते देखिनै प्रश्नावली बुझेर रुजु गर्न सुरु गरेकाले गणकहरुले आफ्नो कार्यको समयमानै पृष्ठपोषण प्राप्त गरेका थिए। जसले गर्दा उनिहरुले त्यसपछि भर्ने प्रश्नावलीमा गुणस्तर सुधार गर्न निकै सहयोग पुगेको थियो। यसका अलबा प्रत्येक दिनमा ४-५ जना गणकहरुलाई कार्यालयबाट फोन गरेर उनिहरुलाई गणनाको क्रममा देखा समस्या बुझेर समाधानको प्रयास गरिएको थियो।

- ## सुपरिवेक्षकहरूको भूमिका र कार्य सम्पादन

सुपरिवेक्षकको मुख्य दायित्व आर्थिक गणना कार्यालयबाट प्राप्त निर्देशनबमोजिम आफ्नो मातहतमा खटिएका गणकहरूलाई मार्गदर्शन गर्नु, सूचना प्रवाह गर्नु र गणना कार्यको प्रत्यक्ष सुपरिवेक्षण गर्नु हो। पर्सामा सुपरिवेक्षकले गणक र जिल्ला आर्थिक गणना कार्यालयका बिचमा रहेर सूचना तथा आवश्यक कागजातहरूको आदानप्रदान गर्ने र सङ्कलित तथ्याङ्कको गुणस्तर कायम गर्ने कार्यमा सम्पर्क सूत्र (Bridge) को भूमिका निर्वाह गर्ने, तथ्याङ्कको गुणस्तर सुनिश्चित गर्ने, गणकहरूलाई परिचालन गर्ने र स्थलगत कार्यमा आएका समस्या समाधान गर्ने काम गरेका थिए। साथै, मातहतका गणकहरूले गरेको स्थलगत कार्यको अवस्था अवलोकन गरी यथार्थ विवरण वा प्रगति आर्थिक गणना कार्यलय समक्ष पुर्‍याउने काम गरेका थिए। सुपरिवेक्षकहरू आर्थिक गणना कार्यालय र आफ्नो मातहतका गणकहरूसँग नियमित सम्पर्कमा रहेका थिए।

**अन्य कामहरुः**

१ गणकहरुलाई गणनाक्षेत्र पत्ता लगाउन सहयोग गर्नु

२ विवरण दिन इन्कार गर्ने प्रतिष्ठानहरुमा प्रतक्ष्य भेटि सहजिकरण गर्नु

३ कुनै गणकलाई जिम्मेवारी धेरै परेको भएमा अन्य कम प्रतिष्ठान संख्या परेका गणक पहिचान गरि जिम्मेवारि हेरफेरमा कार्यालयसंग समन्वय गर्नु

४ कन्ट्रोल फारम र कार्य सम्पन्नता फारम भर्ने काममा सहजता निर्वाह गर्नु

कार्यालयले २०८३ जेठ ७ गते सुपरिवेक्षकहरुसंग मध्यावधि समिक्षा कार्यक्रम राखेको थियो। त्यस कार्यक्रममा हालसम्म भएको प्रगतिको समिक्षा, स्थलगत गणनाको सिलसिलमा गणक तथा सुपरिवेक्षकले भोग्नुपरेका समस्या, समाधानका लागि चालिएका उपायहरुको अलबा कार्यालयले गर्नुपर्ने थप सहजिकरणको बारेमा समेत छलफल भएको थियो।

- **सम्पर्क र सञ्चार व्यवस्थापन**

केन्द्रबाट निरन्तर रुपमा WhatsApp, मोबाईल मार्फल निरन्तर गणना कार्यलय सम्पर्कमा रहेको थियो। WhatsApp ग्रुपमा पाप्त हुने निर्देशन तथा पत्रहरु गणना कार्य व्यवस्थित र गुणस्तरिय बनाउन सहयोगि भएका थिए। आर्थिक गणना कार्यालयले सुपरिवेक्षक तथा गणकहरुसंग नियमित रुपमा WhatsApp ग्रुप मार्फत र मोबाईलमा सम्पर्कमा रहिरहेको थियो। स्थलगत गणनाको सिलसिलमा देखा गरेका समस्याहरुलाई कसरि समाधान गर्ने, गुणस्तरिय तथ्याङ्क प्राप्तिमा जोड दिने कुराहरुको बारेमा छलफल हुने गरेको थियो। सुपरिवेक्षक र गणकहरूको जिज्ञासा तथा अनुरोधहरूको व्यवस्थापनको कार्य नियमित रुपमा हुने गरेको थियो। अन्तिम सयम तिर गणकहरुको Online Daily Reporting मा देखा परेका फरकपन र समस्याको समाधान समेत भएको थियो। उनिहरुसंगको नियमित सम्पर्क भएकाले नै यो सम्भव भएको हो।

- **स्टिकरको प्रभावकारिता**

गणनामा प्रतिष्ठानको गणना भए नभएको अनुगमन गर्न स्टिकरले सहज बनाएको थियो। सम्बन्धित प्रतिष्ठानको गणना कार्य सम्पन्न भएपछि गणकले अनिवार्य रूपमा स्टिकर सबैले देख्ने ठाउँमा टाँस्नुपर्ने थियो। स्टिकरमा स्थानीय तहको नाम, प्रतिष्ठानको नाम, गणनाक्षेत्र वा गणना उपक्षेत्र र प्रतिष्ठानको क्रमसंख्या पर्मानेन्ट मार्करले स्पष्ट बुझिनेगरी लेख्नुपर्थ्यो। यसरि टाँसेको स्टिकरले कुनै प्रतिष्ठान नछुटोस् र नदोहोरियोस् भनी सुनिश्चित गर्न र प्रतिष्ठानको गणना भए नभएको अनुगमन गर्न सहज बनाएको थियो। घुमन्ते प्रकृतिका व्यपार व्यवसायहरुमा गणकहरुले उत्तरदाता हरुलाई नै स्टिकरको फोटो लिन लगाउनुभएको थियो। जसले गर्दा अनुगमनमा सहज भएको थियो।

- **निष्कर्ष र सुझाब**

आर्थिक गणनालाई कुनै प्रतिष्ठान नछुटोस् र नदोहोरियोस् भनी सुनिश्चित गर्न अनुगमन, सुपरिवेक्षण तथा संचालरको महत्वपुर्ण भुमिका रहन्छ। कार्यालयबाट भएको निरन्तर अनुगमन, गणक तथा सुपरिवेक्षकहरुसंगको संचार र उनीहरूको जिज्ञासा तथा अनुरोधहरूको व्यवस्थापन गरेकाले पर्सामा कुनै किसिममो द्धिविधा बिना आर्थिक गणना सम्पन्न भयो।

## च) उत्तरदाताको व्यवहार, प्रचारप्रसार र असहयोग तथा गुनासो व्यवस्थापन

- **प्रचार-प्रसार तथा सरोकारवालाहरूको सहयोग**

राष्ट्रिय आर्थिक गणना, २०८२ राष्ट्रव्यापि रुपमा आक्रमक तरिकाले गर्न नसकिएको भनेर गणकहरुबाट व्यापक गुनासो प्राप्त भएको थियो। मोवाईल रिङ्गटोन बजाउने कुरा के कति कारणले पुरा नभएको हो त्यो रा.त.का. लाई नै थाहा होला। मन्त्रिपरिषद्ले लोक कर्याणकारि विज्ञापन सरकारी संचारमाध्ययमबाट मात्र बजाउन पाउने परिपत्र गरेपछि प्रचार-प्रसार व्यापक मात्रामा गर्न नसकिएको कुरा जगजायर छ। यद्यपि आर्थिक गणना कार्यालय, पर्साले प्रचारप्रसारमा व्यापकता दिएको थियो।

कार्यालयले मिति २०८२ चैत्र ५ मा आर्थिक गणना समन्वय समिति, पर्साको निर्णय बमोजिम उद्योग वाणिज्य संघ, यातायात संघ/संस्था, होटेल व्यवसायिहरुको संघ/संस्था मार्फत प्रचार प्रसारको सुरुवात गरेको थियो। पर्सामा रहेका १४ वटा नै स्थानिय तहहरुलाई आर्थिक गणनाको प्रचारप्रसारमा सहजिकरण गर्न आग्रह गरिएको थियो। सोहि बमोजिम काम समेत भएको थियो। अधिकांस स्थानीय तहहरुले आफ्नो फेसबुक पेज/वेवसाईट मार्फत प्रचारप्रसारमा सहयोग गरेका थिए। जिल्ला प्रशासन कार्यालयले तयार पारेको अनुरोध पत्रले समेत प्रचार प्रसारमा सहयोग गरेको थियो। प्रचार/प्रसार व्यानर प्रत्येक स्थानिय तहको भवन र सेवाग्राहिहरुको भिड हुने सरकारि कार्यालय तथा अन्य स्थानमा टाँसिएको थियो। वडामा गठन गरिएको आर्थिक गणना वडा सहजिकरण समितिद्धारा प्रचार प्रसारमा आवश्यक सहयोग प्राप्त भएको थियो।

कार्यालयले २०८२ चैत्र १९ गते जिल्ला प्रशासन कार्यालय, पर्सामा अन्तर्क्रिया कार्यक्रम र २० गते वीरगंज महानगरपालिकामा सचेतना कार्यक्रम राखेको थियो, जसबाट प्रचार-प्रसारमा थप सहज भएको थियो। पर्सामा रहेका स्थानीय पत्र/पत्रिकाले आर्थिक गणना सम्बन्धि समाचार प्राथमिकताका साथ स्थान दिएका थिय।

कार्यालयको फेसबुक पेज (https://www.facebook.com/profile.php?id=61580779902242)

मार्फत पनि व्यापक रुपमा प्रचार प्रसार गरेको थियो। गणक तथा सुपरिवेक्षकहरुले कार्यलयले उपलब्ध गराएको आर्थिक गणनाको अनुरोध पत्र/जानकारिमुलक पत्र द्वारा पनि प्रचार प्रसारमा व्यापकता दिएका थिय। टिकटक तथा स्टाग्राममा राखिएका गणना सम्बन्धि फोटो तथा भिडियोहरुले समेत प्रचार-प्रसारमा सहयोग गरेका थिए।

- **उत्तरदाताको व्यवहार तथा सद्भाव**

गणक तथा सुपरिवेक्षकहरुले तथ्याङ्क सङ्कलनका क्रममा प्रतिष्ठानका व्यवसायी/उत्तरदाताहरूबाट मिश्रित प्रकारको सहयोग प्राप्त गरेका थिए। अधिकांस व्यवसायीहरुले सजिलैसंग विवरण उपलब्ध गराइदिएका थिय भने केहि प्रतिष्ठानहरुले विवरण उपलब्ध गराउन आलटाल गरेका थिए। कुनै कुनै प्रतिष्ठानहरुले गणकहरुलाई खाजा/चिसो खुवाउने गरेको समेत गणक साथिहरुले जानकारी दिनुभएको थियो भने कुनै प्रतिष्ठानहरुले पटक पटक बोलाएर दुख दिने गरेको समेत जानकारी प्राप्त भएको थियो। गणनाको समयमा वीरगंजको मेनरोड विस्तारको काम समेत चलेकाले गणकहरुलाई विवरण लिन थप असहज समेत भएको थियो। पर्सामा भारतबाट लुकिछिपि सामान लिएर व्यापार गर्ने प्रतिष्ठानहरुले गणकहरु जाँदा पसल बन्द गरेर भाग्ने समेत गरेको गुनासो प्राप्त भएको थियो। केहि संस्थाहरुले ति व्यापारसंग सम्बन्धित महासंघबाट पत्र प्राप्त नभएसम्म विवरण नदिने अड्डि कसेकाले त्यस्तासंघ/संस्थाहरुबाट विवरण लिन असहज भएको थियो। समग्रमा राज्यले व्यपारीहरुसंग गरेको व्यवहारको निशानामा केहि गणक परेका थिए भन्दा फरक नपर्ला।

- **अन्य निकायहरूको सहयोग**

आर्थिक गणनामा अन्य निकायहरुको सहयोग प्रशंशा गर्न लायक रहेको छ। स्थानीय उद्योग बाणिज्य संघ, यातायात व्यवसायीहरु, निर्माण व्यवसायीहरुका संघ/संस्थाहरुले आवश्यक सहयोग तथा सहजिकरण गर्नुभएको थियो। सुनचाँदि व्यवसायी संघ, नेपाल राष्ट्र बैंक, वीरगंज कार्यालय लगायत अन्य स्थानीय संघ संस्थाका प्रतिनिधिहरुबाट आवश्यक सहयोग प्राप्त भएको थियो। सुरक्षा निकायलाई आर्थिक गणनाको बारेमा जानकारी भएकाले सोहि बमोजिम सहजिकरण समेत गरिदिएका थिए। केहि गणकलाई प्रतिष्ठानहरुले विवरण दिन आनकानि गरेमा फिल्डमा खटिएका सुरक्षा प्रतिनिधिको समेत सहयोग लिएको कुरा गणकहरुले कार्यालयलाई जानकारि दिएका थिए।

- ## असहयोग वा इन्कार गरेका प्रतिष्ठानहरूको सन्दर्भ

पर्सामा कम्तिमा २०० प्रतिष्ठानहरुले आर्थिक गणनामा विवरण उपलब्ध गराउन गणकहरुलाई असहयोग/ इन्कार गरेका थिए त्यस्ता प्रतिष्ठानहरुलाई कार्यालयबाट कर्मचारीहरु खटिएर विवरण दिन किन नखोजियको हो सो बुझाएर विवरण लिने काम भएको थियो। कतिपय प्रतिष्ठानहरुलाई कार्यालयबाट सम्पर्क गरि विवरण दिन आग्रह समेत गरिएको थियो। कतिपय प्रतिष्ठानहरुलाई तथ्याङ्क ऐन नियम तथा सजायको प्रावधान समेत बुझाउनु परेको थियो। कार्यालयले गणक तथा सुपरिवेक्षकहरुबाट कन्ट्रोल फारम र कार्यसम्पन्नता फारम बुझिसक्दा समेत ३३ वटा प्रतिष्ठानहरुलाई अझै गणनामा समेट्न सकिएको थिएन। ति प्रतिष्ठानहरुलाई कार्यालयबाट पत्र काटेर विवरण दिन आग्रह गरिएको थियो। मिति २०८३ असार २४ गते विवरण नदिने देहायका ६ वटा प्रतिष्ठानहरुलाई स्पष्टिकरण समेत सोधिएको थियो।

१. वीरगंज जितपुर गौशाला, वीरगंज २४
२. स्मार्ट जी प्ले स्कुल, वीरगंज ११
३. विश्वकर्मा सिमेन्ट प्रा.लि. वीरगंज २१
४. अदिरा फ्लोर प्रा.लि. वीरगंज २१
५. ज्ञान बिन्दु एकेडेमि वीरगंज १५
६. नोबेल एकेडेमि स्कुल, वीरगंज १४

स्पष्टिकरण सोधिएका प्रतिष्ठानहरुमध्ये वीरगंज जितपुर गौशाला, वीरगंज २४, विश्वकर्मा सिमेन्ट प्रा.लि. वीरगंज २१ र स्मार्ट जी प्ले स्कुल, वीरगंज ११ ले मात्र विवरण उपलब्ध गराएका थिए। अन्य ३ वटा असहयोगि प्रतिष्ठानहरुले तथ्याङ्किय अपराध गर्नुभयो।

- ## प्रतिष्ठानहरु बन्द भएको अवलोकन स्थिति

पर्सा जिल्लामा १ एक हजार ३ सय ४७ प्रतिष्ठानहरु विगतमा स्थापना भई हाल बन्द भएको रहेछन्। जुन विवरण गणकहरुले स्थलगत तथ्याङ्क संकलनको समयमा एकिन गर्नुभएको हो। सबै गणकहरुलाई वहाँहरुको कार्यक्षेत्रको ठेगाना राखेर विगतमा दर्ता भएका प्रतिष्ठानहरुको नाम ठेगाना पठाइएको थियो। सोहि आधारमा स्थानीय भद्रभलादि्म, राजनैतिक व्यक्तिहरु र स्थानीयसंग सोधपुछ गरि एकिन गरिएको थियो। यत्रो ठुलो संख्यामा प्रतिष्ठानहरु बन्द हुँदा

केहिले मात्र स्थानीय तह, घरेलु कार्यालय आदिमा गएर व्यवसाय बन्द गर्ने काम गरेका रहेछन्।

- **निष्कर्ष र सुझाब**

पर्सामा आर्थिक गणनाको स्थानीय स्तरमा व्यापक प्रचार प्रसार गरिएको थियो। यो कार्यमा स्थानीय स्तरका उद्योग बाणिज्य संघ/संस्था, व्यवसायिक संघ/संगठन लगायत स्थानीय तहहरुको समन्वय राम्रो रहेको थियो। गणनामा गणक तथा सुपरिवेक्षहरुलाई व्यवसायी/उत्तरदाताहरुको मिश्रित सहयोग रहेको थियो।

## छ) तथ्याङ्कको गुणस्तर सुनिश्चितता

- **सङ्कलन गरिएका विवरणहरूमा छुटेका कुराहरू, दोहोरोपन वा अमिल्दा तथ्याङ्कहरू सम्पादन स्थिति**

पर्सामा बैशाख १५ गते देखि गणकहरुले भर्नुभएको प्रश्नावलीहरु सुपरिवेक्षकहरुबाट चेक समेत गरेर बुझ्न सुरु गरिएको थियो। जसबाट सुरुवाति चरणमानै गणकहरुले पृष्ठपोषण प्राप्त गर्नुभएको थियो। विवरण लिने बेलामा हुनसक्ने कमि कमजोरि समयमानै पत्ता लागेर पछि कुनै विवरण छुट्ने सम्भावना कम हुने थियो। नियमित अनुगमन, पृष्ठपोषण र सुझावका कारण सङ्कलन गरिएका प्रश्नावलीमा न्युन मात्रामा मात्र विवरण छुटेका थिए। दोहोरोपन र अमिल्दा तथ्याङ्कहरुलाई सुरुवाति चरणदेखिनै सम्पादन गर्न सिकाएको कारणले त्यसपछि भरेका प्रश्नावलीहरुमा यस्तो समस्या कमै देखिएको थियो।

- **तालिम**

आर्थिक गणना २०८२ को लागि पर्सा जिल्लामा करारमा खटिनुहुने सुपरिक्षेक तथा गणकलाई आर्थिक गणनाको विषयमा २०८२ चैत्र २६ गतेदेखि ३० गतेसम्म तालिम प्रदान गरिएको थियो। सो तालिममा आर्थिक गणनाको सैदान्तिक र व्यवहारिक पक्षको तालिम दिइएको थियो। सुपरिवेक्षक तथा गणकहरुलाई कसरि गुणस्तरिय तथ्याङ्क लिन सकिन्छ भनेर सिकाइएको थियो। तोकिएको सयमका साथै स्थलगत तथ्याङ्क संकलनको दैरानमा समेत उनिहरुलाई दुविधामा परेका कुराहरुको जानकारी दिइएको थियो।

- **सुपरिवेक्षण**

कार्यालयबाट आर्थिक गणना सरुभएको भोलिपल्ट देखिनै राष्ट्रिय आर्थिक गणना, २०८२ मा तथ्याङ्कको गुणस्तर अभिबृद्धि गर्न तथा गणना कार्यमा देखा परेका समस्याहरूको समाधान गर्न आर्थिक गणना कार्यको सुपरिवेक्षणको काम सुरुभएको थियो। सुपरिवेक्षणको सिलसिलामा गणकहरुले स्थलगत तथ्याङ्क सङ्कलनको समयमा आइपरेमा समस्या तथा कठिनाईहरुलाई कसरि समाधान गर्ने, सङ्कलित विवरणको सामन्जस्यता चेक गर्ने, अमिल्दा तथ्याङ्कहरु कसरि सम्पादन गर्ने, कुन कुन विवरण विचमा तालेमेल हुनुपर्छ सो को विषयमा जानकारी दिइएको थियो। यसैगरी, विशेषगरी प्राविधिक पक्षहरूको बारेमा स्थलगत कार्यमा खटिएका गणक तथा सुपरिवेक्षकहरूले सम्पादन गरेको कामको गुणस्तर, शुद्धता र एकरूपता सुनिश्चित गर्न देहायका प्रमुख विषयहरूमा ध्यान दिइएको थियो।

क) **परिभाषा, अवधारणा र वर्गीकरणको सही प्रयोग**

प्रतिष्ठान, नेपालस्तरीय औद्योगिक वर्गीकरण (NSIC), स्वामित्वको प्रकार, रोजगारी, आदि सम्बन्धी परिभाषा तथा अवधारणाहरू गणकले सही रूपमा बुझी प्रयोग गरे/नगरेको अवस्था।

**ख) प्रश्नावली/फारामको सहीरूपमा भरे/नभरेको**

सबै प्रश्नहरू पूर्ण रूपमा सोधिएको (छुटेको प्रश्न नरहेको), उत्तरहरू सही कोडिङ गरिएको तथा निर्देशनअनुसार फाराम भरिएको अवस्था।

ग) **विवरणको सामञ्जस्यता**

प्राप्त रकम, खर्च, रोजगारी सङ्ख्या आदि वीच आपसी सम्बन्ध कायम भएको/नभएको जाँच।

घ) **असामान्य मानहरूको पहिचान**

अत्यन्तै बढी वा कम देखिएका मानहरू, शून्य देखाइएको आर्थिक क्रियाकलापहरू वास्तविक हुन् वा त्रुटिवश लेखिएका हुन् भन्ने पुष्टि।

ङ) **सन्दर्भ वर्षको सही प्रयोग**

सन्दर्भ अवधि र सन्दर्भ दिनको सही प्रयोग भएको र सबै उत्तरहरू एउटै अवधिमा आधारित भएको अवस्था।

च) **आर्थिक गणनाका Skip को प्रयोग**

प्रश्नावलीमा रहेको skip को सहि प्रयोग भए नभएको यकिन गर्ने। जस्तैः उत्तर आउनुपर्ने ठाउँमा उत्तर नआएको तर उत्तर नआउनुपर्ने ठाउँमा उत्तर आएको अवस्था हुनुहुँदैन।

छ) **इ-सेन्ससमा सहभागी प्रतिष्ठानहरूको कार्य प्रगति**

इ-सेन्ससमा सहभागी भएका वा हुन चाहेका प्रतिष्ठानहरू मध्ये फाराम प्राप्त भएको अवस्था।

ज) **प्राविधिक क्षमता र निर्देशनको पालना**

गणक तथा सुपरिवेक्षकले तोकिएको विधिअनुसार काम गरिरहेको/नगरिरहेको, प्राविधिक निर्देशनको सही कार्यान्वयन।

**झ) समितिसँग समन्वय**

स्थानीय समन्वय समिति तथा वडा सहजीकरण समितिसँग समन्वय गरी प्रतिष्ठान व्यवसायको सत्य तथ्य विवरण लिन सहयोग पुर्याउनु।

- ## अनुगमन

राष्ट्रिय आर्थिक गणना, २०८२ मा तथ्याङ्कको गुणस्तर वृद्धि गर्न जिल्लाभित्र आर्थिक गणनाको कार्यतालिकाबमोजिम सञ्चालन भए नभएको, गणना गर्न कुनै प्रतिष्ठान/व्यवसाय छुट भए नभएको, स्थलगत कार्य प्रति प्रतिष्ठान/व्यवसायको कुनै गुनासो भए नभएको, स्थलगत कार्यमा बाधा व्यवधान भए नभएको अनुगमन गरी आर्थिक गणना कार्यलाई व्यवस्थित रूपले अगाडि बढाउन आर्थिक गणना कार्यको अनुगमन तथा निरीक्षणको व्यवस्था गरिएको छ।

अनुगमन गर्दा मुख्यतयाः गणनाको देहायका प्राविधिक, प्रशासनिक तथा व्यवस्थापकीय पक्षहरूमा विशेष ध्यान दिइएको थियो।

- ✓ गणनाक्षेत्रको भौगोलिक सिमानाभित्रका सबै प्रतिष्ठानहरू समेटिएको, नसमेटिएको अवस्था,
- ✓ हालसम्मको कार्यप्रगति र निर्धारित कार्यतालिकासँग तुलना गर्दै प्रगतिको अवस्था र सम्भावित ढिलाइलाई रोक्ने उपायहरू,
- ✓ गणनासम्बन्धी सामग्री तथा फारामहरूको उपलब्धता र प्रयोगको अवस्था,
- ✓ गणक तथा सुपरिवेक्षकको उपस्थिति, अनुशासन र जिम्मेवारी वहनको अवस्था,

- ✓ उत्तरदाताबाट आएका समस्या, जिज्ञासा, गुनासो तथा सुझावहरू र ती गुनासोहरूको सम्बोधनको अवस्था,
- ✓ स्थानीय तह, समुदाय तथा सरोकारवाला निकायसँगको समन्वय र सहकार्यको अवस्था र
- ✓ गणनाको गोपनीयता, उत्तरदाताको विश्वास र सहमतिको अवस्था।

### • मद्यावधि/सासाहिक/दैनिक समिक्षा स्थिति

आर्थिक गणनाको सिलसिलमा सुपरिवेक्षकहरुसंग मद्यावधि र सासाहिक समिक्षा भएको थियो भने कार्यालयका कर्मचारी, सहायक आर्थिक गणना अधिकारीको नेतृत्वमा आलोपालो गरेर गणकहरुसंग दैनिक समिक्षा भएको थियो। सामान्यतया समिक्षामा गणकलाई दैनिक कार्यमा आइपर्ने समस्या समाधानका लागि उचित निर्देशन, सल्लाह र सहयोग उपलब्ध गराईएको थियो। गणकहरुले Online Daily Reporting मा प्रविष्ठ गरेअनुसारको संख्यामा प्रतिष्ठानहरुको विवरण लिए न लिएको समेत एकिन गरिएको थियो। गणकहरुले विवरण लिन गरेका नयाँ र राम्रा उपायहरुको चर्चा गरि उपयुक्त लागेमा अन्यलाई नि सोहि अनुसार गर्न निर्देशन गरिएको थियो।

### • निष्कर्ष र सुझाब

जिल्ला आर्थिक गणना कार्यालय पर्साले तथ्याङ्कको गुणस्तर कायम राख्न निकै राम्रो प्रयास गरेको थियो।

## ज) जिल्लाको तथ्याङ्कीय प्रगति स्थितिः

### • स्थानीय तह अनुसार गणना गरिएका प्रतिष्ठानहरूको तथ्याङ्कीय स्थिति

आर्थिक गणना २०८२ को प्रारम्भिक नतिजा अनुसार पर्सा जिल्लामा २०७५ सालको तुलनामा ४०.२ प्रतिशत प्रतिष्ठानहरु थप भएर २२ हजार ४६ वटा प्रतिष्ठानहरु पुगेको अनुमान रहेको छ। प्रतिष्ठानहरुमा संलग्न जनशक्ति करिव ५५.० प्रतिशतले बढेको छ। महिला संलग्नता करिब ९८.० प्रतिशतले बढेको छ। महिला सहभागितामा उच्चस्तरको वृद्धि हुनुले सरकारले चालेका महिला मैत्रि निति हरुले सार्थकता पाएको देखिन्छ। पटेर्वा

सुगौली गाउँपालिकामा रहेका प्रतिष्ठानहरुमा करिव ८२.१ प्रतिशतको बढोत्तरि भएको छ भने ठोरि गाँउपालिकामा ८.१ प्रतिशतले मात्र बढेको छ।

तालिका ४: स्थानिय तह अनुसार संलग्न जनशक्तिको तुलना

| District and Local Unit | Number of establishments | Number of Persons Engaged | | | Number of establishments | Number of Persons Engaged | | |
|---|---|---|---|---|---|---|---|---|
| | | Total | Male | Female | | Total | Male | Female |
| | 2075 | | | | 2082 | | | |
| **Parsa District** | **15725** | **50110** | **40819** | **9291** | **22046** | **77625** | **59216** | **18409** |
| Thori Rural Municipality | 615 | 1385 | 813 | 572 | 665 | 2197 | 1283 | 914 |
| Jirabhawani Rural Municipality | 469 | 949 | 680 | 269 | 679 | 1773 | 1203 | 570 |
| Jagarnathpur Rural Municipality | 390 | 1325 | 1179 | 146 | 612 | 1996 | 1610 | 386 |
| Paterwa Sugauli Rural Municipality | 386 | 797 | 583 | 214 | 703 | 1670 | 1207 | 463 |
| Sakhuwa Prasauni Rural Municipality | 883 | 2029 | 1565 | 464 | 1081 | 2557 | 1835 | 722 |
| Parsagadhi Municipality | 870 | 2728 | 2059 | 669 | 1206 | 4057 | 2664 | 1393 |
| Birgunj Metropolitian City | 8811 | 32910 | 27242 | 5668 | 12531 | 51816 | 40003 | 11813 |
| Bahudarmai Municipality | 686 | 2010 | 1474 | 536 | 817 | 2162 | 1688 | 474 |
| Pokhariya Municipality | 914 | 2086 | 1867 | 219 | 1378 | 2922 | 2456 | 466 |
| Kalikamai Rural Municipality | 215 | 456 | 380 | 76 | 274 | 1039 | 797 | 242 |
| Dhobini Rural Municipality | 257 | 717 | 639 | 78 | 365 | 918 | 769 | 149 |
| Chhipaharmai Rural Municipality | 408 | 884 | 753 | 131 | 549 | 1298 | 1041 | 257 |
| Pakaha Mainpur Rural Municipality | 337 | 780 | 696 | 84 | 574 | 1194 | 956 | 238 |
| Bindabasini Rural Municipality | 484 | 1054 | 889 | 165 | 612 | 2026 | 1704 | 322 |

तालिका ५: पहिलो र दोस्रो आर्थिक गणनाको वडा स्तरमा प्रतिष्ठानहरूको तथ्याङ्कीय स्थितिको तुलनात्मक विवरण

| District and Local Unit | Ward No | Number of establishments | Number of Persons Engaged | | | Number of establishments | Number of Persons Engaged | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | Total | Male | Female | | Total | Male | Female |
| | | आर्थिक गणना २०७५ | | | | आर्थिक गणना २०८२ | | | |
| **Parsa District** | | **15,725** | **50,110** | **40,819** | **9,291** | **22,046** | **77,625** | **59,216** | **18,409** |
| **Thori Rural Municipality** | | **615** | **1,385** | **813** | **572** | **665** | **2197** | **1283** | **914** |
| | 1 | 117 | 279 | 169 | 110 | 55 | 169 | 94 | 75 |
| | 2 | 167 | 357 | 195 | 162 | 192 | 620 | 348 | 272 |
| | 3 | 55 | 160 | 82 | 78 | 78 | 314 | 171 | 143 |
| | 4 | 122 | 297 | 178 | 119 | 164 | 481 | 276 | 205 |
| | 5 | 154 | 292 | 189 | 103 | 176 | 613 | 394 | 219 |
| | | | | | | | | | |
| **Jirabhawani Rural Municipality** | | **469** | **949** | **680** | **269** | **679** | **1773** | **1203** | **570** |
| | 1 | 132 | 326 | 208 | 118 | 186 | 533 | 365 | 168 |
| | 2 | 151 | 276 | 218 | 58 | 167 | 368 | 245 | 123 |
| | 3 | 78 | 143 | 110 | 33 | 149 | 351 | 238 | 113 |
| | 4 | 43 | 59 | 46 | 13 | 95 | 319 | 222 | 97 |
| | 5 | 65 | 145 | 98 | 47 | 82 | 202 | 133 | 69 |
| | | | | | | | | | |
| **Jagarnathpur Rural Municipality** | | **390** | **1,325** | **1,179** | **146** | **612** | **1996** | **1610** | **386** |
| | 1 | 36 | 69 | 54 | 15 | 77 | 220 | 163 | 57 |
| | 2 | 116 | 214 | 191 | 23 | 179 | 363 | 319 | 44 |
| | 3 | 26 | 61 | 42 | 19 | 46 | 151 | 108 | 43 |
| | 4 | 56 | 148 | 109 | 39 | 92 | 269 | 189 | 80 |
| | 5 | 96 | 146 | 136 | 10 | 138 | 535 | 439 | 96 |
| | 6 | 60 | 687 | 647 | 40 | 80 | 458 | 392 | 66 |
| | | | | | | | | | |
| **Paterwa Sugauli Rural Municipality** | | **386** | **797** | **583** | **214** | **703** | **1670** | **1207** | **463** |
| | 1 | 22 | 41 | 31 | 10 | 60 | 160 | 121 | 39 |
| | 2 | 88 | 174 | 121 | 53 | 208 | 491 | 332 | 159 |
| | 3 | 29 | 54 | 36 | 18 | 72 | 188 | 138 | 50 |
| | 4 | 105 | 248 | 167 | 81 | 125 | 340 | 235 | 105 |
| | 5 | 142 | 280 | 228 | 52 | 238 | 491 | 381 | 110 |
| | | | | | | | | | |
| **Sakhuwa Prasauni Rural Municipality** | | **883** | **2,029** | **1,565** | **464** | **1081** | **2557** | **1835** | **722** |
| | 1 | 114 | 325 | 220 | 105 | 116 | 350 | 226 | 124 |

| District and Local Unit | Ward No | Number of establishments | Number of Persons Engaged | | | Number of establishments | Number of Persons Engaged | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | Total | Male | Female | | Total | Male | Female |
| | | आर्थिक गणना २०७५ | | | | आर्थिक गणना २०८२ | | | |
| | 2 | 226 | 451 | 317 | 134 | 359 | 776 | 550 | 226 |
| | 3 | 68 | 168 | 104 | 64 | 85 | 252 | 184 | 68 |
| | 4 | 213 | 359 | 271 | 88 | 201 | 343 | 246 | 97 |
| | 5 | 234 | 646 | 597 | 49 | 258 | 698 | 535 | 163 |
| | 6 | 28 | 80 | 56 | 24 | 62 | 138 | 94 | 44 |
| | | | | | | | 0 | | |
| **Parsagadhi Municipality** | | **870** | **2,728** | **2,059** | **669** | **1206** | **4057** | **2664** | **1393** |
| | 1 | 163 | 342 | 214 | 128 | 173 | 484 | 295 | 189 |
| | 2 | 54 | 440 | 377 | 63 | 86 | 320 | 210 | 110 |
| | 3 | 200 | 489 | 269 | 220 | 353 | 912 | 564 | 348 |
| | 4 | 95 | 250 | 176 | 74 | 128 | 396 | 257 | 139 |
| | 5 | 101 | 394 | 330 | 64 | 156 | 502 | 376 | 126 |
| | 6 | 50 | 153 | 113 | 40 | 70 | 190 | 135 | 55 |
| | 7 | 51 | 347 | 315 | 32 | 77 | 762 | 496 | 266 |
| | 8 | 66 | 127 | 101 | 26 | 56 | 209 | 125 | 84 |
| | 9 | 90 | 186 | 164 | 22 | 107 | 282 | 206 | 76 |
| | | | | | | | | | |
| **Birgunj Metropolitian City** | | **8,811** | **32,910** | **27,242** | **5,668** | **12,531** | **51,816** | **40,003** | **11,813** |
| | 1 | 146 | 300 | 223 | 77 | 153 | 407 | 257 | 150 |
| | 2 | 182 | 479 | 404 | 75 | 280 | 1384 | 970 | 414 |
| | 3 | 223 | 1,191 | 973 | 218 | 214 | 1014 | 706 | 308 |
| | 4 | 506 | 1,813 | 1,407 | 406 | 450 | 1887 | 1259 | 628 |
| | 5 | 125 | 614 | 493 | 121 | 172 | 644 | 482 | 162 |
| | 6 | 1,442 | 3,704 | 3,350 | 354 | 1387 | 4381 | 3601 | 780 |
| | 7 | 264 | 1,263 | 1,044 | 219 | 81 | 286 | 178 | 108 |
| | 8 | 525 | 1,345 | 1,198 | 147 | 952 | 3610 | 2,861 | 749 |
| | 9 | 658 | 1,658 | 1,500 | 158 | 660 | 1538 | 1,267 | 271 |
| | 10 | 504 | 1,873 | 1,590 | 283 | 838 | 7207 | 5,859 | 1348 |
| | 11 | 338 | 1,569 | 1,083 | 486 | 788 | 4291 | 3,277 | 1014 |
| | 12 | 346 | 1,497 | 1,157 | 340 | 311 | 1255 | 995 | 260 |
| | 13 | 502 | 2,138 | 1,655 | 483 | 867 | 2890 | 2,106 | 784 |
| | 14 | 286 | 1,706 | 1,480 | 226 | 427 | 2564 | 1,732 | 832 |

| District and Local Unit | Ward No | Number of establishments | Number of Persons Engaged | | | Number of establishments | Number of Persons Engaged | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | Total | Male | Female | | Total | Male | Female |
| | | आर्थिक गणना २०७५ | | | | आर्थिक गणना २०८२ | | | |
| | 15 | 446 | 3,002 | 2,214 | 788 | 962 | 4033 | 2,862 | 1171 |
| | 16 | 597 | 1,667 | 1,397 | 270 | 1232 | 3093 | 2,254 | 839 |
| | 17 | 122 | 449 | 377 | 72 | 229 | 566 | 445 | 121 |
| | 18 | 63 | 135 | 116 | 19 | 81 | 311 | 236 | 75 |
| | 19 | 179 | 628 | 596 | 32 | 311 | 647 | 569 | 78 |
| | 20 | 35 | 83 | 61 | 22 | 72 | 228 | 145 | 83 |
| | 21 | 119 | 570 | 501 | 69 | 260 | 1662 | 1382 | 280 |
| | 22 | 72 | 289 | 261 | 28 | 193 | 485 | 365 | 120 |
| | 23 | 54 | 196 | 153 | 43 | 51 | 214 | 148 | 66 |
| | 24 | 220 | 1,107 | 973 | 134 | 365 | 1300 | 967 | 333 |
| | 25 | 289 | 725 | 639 | 86 | 323 | 1020 | 897 | 123 |
| | 26 | 131 | 421 | 368 | 53 | 162 | 282 | 208 | 74 |
| | 27 | 33 | 66 | 43 | 23 | 72 | 146 | 99 | 47 |
| | 28 | 49 | 84 | 62 | 22 | 65 | 299 | 206 | 93 |
| | 29 | 50 | 121 | 84 | 37 | 73 | 102 | 87 | 15 |
| | 30 | 63 | 271 | 227 | 44 | 86 | 742 | 690 | 52 |
| | 31 | 106 | 352 | 234 | 118 | 244 | 1155 | 960 | 195 |
| | 32 | 136 | 1,594 | 1,379 | 215 | 170 | 2173 | 1933 | 240 |
| | | | | | | | 0 | | |
| **Bahudarmai Municipality** | | **686** | **2,010** | **1,474** | **536** | **817** | **2162** | **1688** | **474** |
| | 1 | 44 | 183 | 162 | 21 | 52 | 144 | 110 | 34 |
| | 2 | 70 | 235 | 190 | 45 | 149 | 353 | 257 | 96 |
| | 3 | 75 | 174 | 141 | 33 | 55 | 154 | 129 | 25 |
| | 4 | 197 | 444 | 405 | 39 | 243 | 663 | 541 | 122 |
| | 5 | 53 | 134 | 99 | 35 | 38 | 100 | 74 | 26 |
| | 6 | 46 | 100 | 86 | 14 | 86 | 173 | 147 | 26 |
| | 7 | 38 | 82 | 68 | 14 | 38 | 86 | 64 | 22 |
| | 8 | 53 | 462 | 165 | 297 | 56 | 166 | 129 | 37 |
| | 9 | 110 | 196 | 158 | 38 | 100 | 323 | 237 | 86 |
| | | | | | | | 0 | | |
| **Pokhariya Municipality** | | **914** | **2,086** | **1,867** | **219** | **1378** | **2922** | **2456** | **466** |
| | 1 | 14 | 24 | 19 | 5 | 29 | 108 | 94 | 14 |

| District and Local Unit | Ward No | Number of establishments | Number of Persons Engaged | | | Number of establishments | Number of Persons Engaged | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | Total | Male | Female | | Total | Male | Female |
| | | आर्थिक गणना २०७५ | | | | आर्थिक गणना २०८२ | | | |
| | 2 | 59 | 79 | 79 | - | 120 | 211 | 176 | 35 |
| | 3 | 54 | 183 | 150 | 33 | 143 | 279 | 244 | 35 |
| | 4 | 517 | 957 | 885 | 72 | 709 | 1378 | 1,205 | 173 |
| | 5 | 15 | 30 | 26 | 4 | 75 | 167 | 148 | 19 |
| | 6 | 49 | 131 | 106 | 25 | 46 | 171 | 122 | 49 |
| | 7 | 39 | 341 | 314 | 27 | 53 | 161 | 119 | 42 |
| | 8 | 83 | 121 | 98 | 23 | 91 | 232 | 157 | 75 |
| | 9 | 72 | 193 | 168 | 25 | 77 | 156 | 139 | 17 |
| | 10 | 12 | 27 | 22 | 5 | 35 | 59 | 52 | 7 |
| | | | | | | | 0 | | |
| **Kalikamai Rural Municipality** | | **215** | **456** | **380** | **76** | **274** | **1039** | **797** | **242** |
| | 1 | 81 | 127 | 115 | 12 | 65 | 289 | 220 | 69 |
| | 2 | 72 | 201 | 162 | 39 | 77 | 273 | 195 | 78 |
| | 3 | 19 | 21 | 19 | 2 | 37 | 144 | 114 | 30 |
| | 4 | 23 | 62 | 50 | 12 | 33 | 156 | 137 | 19 |
| | 5 | 20 | 45 | 34 | 11 | 62 | 177 | 131 | 46 |
| | | | | | | | 0 | | |
| **Dhobini Rural Municipality** | | **257** | **717** | **639** | **78** | **365** | **918** | **769** | **149** |
| | 1 | 19 | 67 | 51 | 16 | 29 | 80 | 65 | 15 |
| | 2 | 28 | 73 | 62 | 11 | 44 | 120 | 94 | 26 |
| | 3 | 40 | 116 | 107 | 9 | 60 | 159 | 122 | 37 |
| | 4 | 106 | 260 | 246 | 14 | 157 | 359 | 316 | 43 |
| | 5 | 64 | 201 | 173 | 28 | 75 | 200 | 172 | 28 |
| | | | | | | | 0 | | |
| **Chhipaharmai Rural Municipality** | | **408** | **884** | **753** | **131** | **549** | **1298** | **1041** | **257** |
| | 1 | 48 | 109 | 86 | 23 | 58 | 203 | 170 | 33 |
| | 2 | 66 | 159 | 121 | 38 | 119 | 245 | 184 | 61 |
| | 3 | 53 | 98 | 73 | 25 | 67 | 145 | 108 | 37 |
| | 4 | 37 | 106 | 80 | 26 | 57 | 147 | 100 | 47 |
| | 5 | 204 | 412 | 393 | 19 | 248 | 558 | 479 | 79 |
| | | | | | | | 0 | | |
| **Pakaha Mainpur Rural Municipality** | | **337** | **780** | **696** | **84** | **574** | **1194** | **956** | **238** |
| | 1 | 88 | 228 | 200 | 28 | 123 | 233 | 202 | 31 |

| District and Local Unit | Ward No | Number of establishments | Number of Persons Engaged | | | Number of establishments | Number of Persons Engaged | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | Total | Male | Female | | Total | Male | Female |
| | | आर्थिक गणना २०७५ | | | | आर्थिक गणना २०८२ | | | |
| | 2 | 74 | 181 | 151 | 30 | 165 | 337 | 257 | 80 |
| | 3 | 74 | 165 | 151 | 14 | 101 | 245 | 192 | 53 |
| | 4 | 42 | 85 | 76 | 9 | 69 | 160 | 126 | 34 |
| | 5 | 59 | 121 | 118 | 3 | 116 | 219 | 179 | 40 |
| | | | | | | | 0 | | |
| **Bindabasini Rural Municipality** | | **484** | **1,054** | **889** | **165** | **612** | **2026** | **1704** | **322** |
| | 1 | 83 | 162 | 141 | 21 | 137 | 526 | 493 | 33 |
| | 2 | 81 | 249 | 209 | 40 | 140 | 702 | 600 | 102 |
| | 3 | 117 | 270 | 223 | 47 | 120 | 246 | 187 | 59 |
| | 4 | 52 | 122 | 90 | 32 | 62 | 146 | 111 | 35 |
| | 5 | 151 | 251 | 226 | 25 | 153 | 406 | 313 | 93 |

- **स्थानीय तह (न.पा./गा.पा.), अनुमानित लक्ष्य (प्रतिष्ठान सङ्ख्या), २०७५ मा सङ्कलित प्रतिष्ठान सङ्ख्या र यस गणनामा अनुमान गरिएका प्रतिष्ठान सङ्ख्या।**

  पर्सा जिल्लामा आर्थिक गणना २०८२ मा अनुमानित लक्ष्य २३ हजार २९७ रहेकोमा लक्ष्यको ९४.६ प्रतिशत मात्र गणना भएको छ। मुख्य गरि बैशाखको पहिलो हप्ता देखि वीरगंजको मेन रोड विस्तारको क्रममा करिब २००० वटा घर तथा व्यवसायीक भवनहरुमा क्षति भएकाले लक्ष्य भन्दा कम गणना भएको कार्यलयको अनुमान रहेको छ। पटेर्वा सुगौलि गाँउपालिकामा लक्ष्य भन्दा २३.८ प्रतिशत प्रतिष्ठानहरुमा गणना भएको थियो भने बहुदरमाई नगरपालिकामा लक्ष्यको ७७.७ प्रतिशत मात्र प्रतिष्ठानहरुको गणना भएको छ।

तालिका ६: स्थानीय तह अनुसार अनुमानित लक्ष्य र यस गणनामा गणना गरिएका प्रतिष्ठान सङ्ख्या ।

| स्थानीय तहहरु | प्रतिष्ठान सङ्ख्या | | |
|---|---|---|---|
| | २०७५ | अनुमानित लक्ष्य | २०८२ |
| **Parsa District** | **15725** | **23297** | **22046** |
| Thori Rural Municipality | 615 | **815** | 665 |

| स्थानीय तहहरु | प्रतिष्ठान सङ्ख्या | | |
|---|---|---|---|
| | २०७५ | अनुमानित लक्ष्य | २०८२ |
| Jirabhawani Rural Municipality | 469 | 738 | 679 |
| Jagarnathpur Rural Municipality | 390 | 561 | 612 |
| Paterwa Sugauli Rural Municipality | 386 | 568 | 703 |
| Sakhuwa Prasauni Rural Municipality | 883 | 1331 | 1081 |
| Parsagadhi Municipality | 870 | 1300 | 1206 |
| Birgunj Metropolitian City | 8811 | 13085 | 12531 |
| Bahudarmai Municipality | 686 | 1051 | 817 |
| Pokhariya Municipality | 914 | 1398 | 1378 |
| Kalikamai Rural Municipality | 215 | 324 | 274 |
| Dhobini Rural Municipality | 257 | 375 | 365 |
| Chhipaharmai Rural Municipality | 408 | 594 | 549 |
| Pakaha Mainpur Rural Municipality | 337 | 489 | 574 |
| Bindabasini Rural Municipality | 484 | 668 | 612 |

- **आर्थिक क्षेत्रगत अवलोकन**

  पहिलो आर्थिक गणना, २०७५ का अनुसार पर्सामा रहेका कुल १५,७२५ प्रतिष्ठानहरुमध्ये ६२.८४ प्रतिशत, १०.४७ प्रतिशत र ८८.२५ प्रतिशत प्रतिष्ठानहरु क्रमशः थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मतसम्भारका कार्यहरू क्षेत्रका, उत्पादनमुलक क्षेत्रका र सेवा क्षेत्रका प्रतिष्ठानहरु रहेकाले यस गणनामा पनि सोहि अनुपात हुन सक्ने अनुमान गरिएको छ।

- **राष्ट्रिय आर्थिक गणना, २०७५ को तुलनामा प्रतिष्ठानहरूको स्थिति**

आर्थिक गणना, २०८२ मा पर्सा जिल्लामा २०७५ को तुलनामा करिब ६,३२१ प्रतिष्ठानहरु थप भएर करिव  २२,०४६ प्रतिष्ठानहरु रहेको प्रारम्भिक अनुमान रहेको छ। वीरगंज महानगरपालिकामा मात्र ३,७२० वटा प्रतिष्ठानहरु थप भएका छन्। अन्य १३ वटा पालिकाहरुमा कुल २६०१ वटा प्रतिष्ठानहरु थप भएको प्रारम्भिक अनुमान रहेको छ। वीरगंज महानगरपालिका देशको प्रमुख बाणिज्य नाका भएको हुनाले यहाँ उच्च संख्यामा प्रतिष्ठानहरु बढेको हुनसक्ने अनुमान रहेको छ। आर्थिक गणनामा समेटिने व्यवसाय तथा प्रतिष्ठानहरुको परिभाषामा आएको परिवर्तनले पनि हुन सक्ने अनुमान गर्न सकिन्छ।

पर्सा जिल्लामा रहेका १४ वटा पालिकामध्ये वीरगंज महानगरपालिकामा मात्र ५६.८ प्रतिशत प्रतिष्ठानहरु रहेका छन्। आर्थिक गणना २०८२ मा २०७५ को तुलनामा वीरगंज महानगरपालिकामा रहेका प्रतिष्ठानको हिस्सा ०.८ प्रतिशत विन्दुले बढेको छ भने ठोरि गाउँपालिकामा रहेका प्रतिष्ठानहरुको हिस्सामा ०.९ प्रतिशत बिन्दुले कमि आई ३.० प्रतिशत मात्र पुगेको छ। समग्रमा ७ वटा पालिकामा रहेका प्रतिष्ठानहरुको हिस्सामा कमि आएको छ भने ७ वटामा बढोत्तरि भएको छ। पर्साका कुनै पनि पालिकामा रहेका प्रतिष्ठानहरुको हिस्सामा १ प्रतिशत भन्दा बढिले थपघट भएको छैन।

चार्ट १: स्थानीय तहगत रुपमा रहेका प्रतिष्ठानहरुको हिस्सामा परिवर्तन



- **निष्कर्ष र सुझाब**

  पर्सा जिल्लामा दोस्रो आर्थिक गणनामा अघिल्लो गणनाको तुलनामा ४०.२ प्रतिशत धेरै प्रतिष्ठानहरु रहेको प्रारम्भिक अनुमान रहेको छ। अघिल्लो गणना जस्तै यस गणनामा पनि वीरगंज महानगरपालिकामा नै प्रतिष्ठानहरु करिव ५६.८ प्रतिशत भन्दा धेरै रहेको अनुमान रहेको छ। वीरगंजको मेनरोड विस्तारको क्रममा १५००-२००० भवन तथा व्यवसायीक भवनहरु भत्किएकाले गणनामा केहि प्रतिष्ठानहरु नसमेटिएको हुनसक्ने कार्यायलको अनुमान रहेको छ।

## ४. अन्य विषयहरूः

माथि उल्लेख नभएका तर गणनाका क्रममा देखिएका अन्य प्रासंगिक विषय

आर्थिक गणनामा छनोट, तालिम र स्थलगत तथ्याङ्क संकलनको बिचमा कम समय रहेकाले केहि समय बढाउनुपर्ने देखिन्छ। राष्ट्रिय स्तरमा कमै मात्रामा प्रचार-प्रसार हुँदा धेरैजसो प्रतिष्ठानहरुलाई आर्थिक गणनाको बारेमा थाहा नभएको पाईएकाले प्रचार-प्रसारमा व्यापकता बढाउनुपर्ने गुनासो रहेको छ।

आर्थिक गणनामा रा.त.का. बाट आवश्यक मात्रामा आवश्यक सहयोग र सुझाव प्राप्त भएको थियो। केन्द्रले गणना पुस्तिका तयारीमा नभएका कुराहरुको बारेमा समय-समयमा आवश्यक सहजिकरण गरेकाले विषयबस्तुको बारेमा थप सहजिकरण भएको थियो।

## ५. चुनौती तथा सुझाव

- **भोग्नुपरेका चुनौती**

  पर्सा जिल्लामा केहि पालिकाहरु विकट भएको र यातायातको साधनहरु प्रयाप्त मात्रामा नभएकाले केहि ठाउँमा गणकहरुलाई पुग्न असहज भएको थियो। बैशाख, जेठको गर्मि तेसमाथि वीरगंजको धुलो धुवाँ जस्ता वातावरणिय समस्याहरुले समेत साथ दिएको थिएन। फेरि बेला बेलामा आउने हावाहुरि र वर्षा जस्ता प्रतिकुल मौसमको कारण समेत आर्थिक गणना प्रभावित भएको थियो। हावाहुरिले विजुलिका पोल ढालेर मोवाईल अफ भएर आउने समस्या त सम्झन लाएक छ। ठोरि गाउँपालिकामा लाईन झिमिक्क नेटवर्क गायव समस्याले हैरान पारेर, प्रश्नावलीमा प्लस कोड नभए पनि हुन्छ समेत भन्नुपरेको थियो।

Daily online reporting बेला-बेलामा नचल्ने गर्नाले गणकहरुले सास्ति बेहोर्नुपरेको थियो। दश पटक भनेपछि बल्ल तल्ल अनलाईन विवरण दिन मानेका प्रतिष्ठानहरुले लिङ्क खोल्न खोज्दा नचलेर कार्यालयले खानुपरेको गालि सम्झना पनि रमाईलो छ। अनि केहि बैंक तथा वित्तिय संस्थाहरुमा लिङ्क नखुल्ने समस्या पनि रमाईलो थियो।

- **सिकाई**

दोस्रो आर्थिक गणनाका धेरै राम्रा पक्षहरु रेहेका छन्। व्यवस्थापन पक्ष, प्रश्नावलीको गुणस्तर, अवधि, करारमा ५० प्रतिशत महिला नियुक्त गर्नुपर्ने प्रावधान, वेव साईट आदि लगायत धेरै पक्ष राम्रा रहका छन्। आगामि गणनामा पनि दोहोऱ्याउदा राम्रो हुन्छ। सुधार गर्नुपर्ने केहि छन्। अनलाईन दैनिक रिपोटीङ्ग अलि सर्भर डाउन नहुने बनाउनु पर्यो। इ-सेन्सस गर्न चाहनेले लिङ्क खोल्ला जुनसुकै समयमा नि खुल्ने खालको बनाउँला राम्रो। अनि इ-सेन्सस भर्न चाहनेले कुनै प्रश्नावलीको छोटो व्याख्या राखिदिदा राम्रो हुन्छ होला। गणना पुस्तिमा तयारीमा अलि ध्यान दिनुपर्ला, यसपालि केहि कुराहरु सम्झन लाएक थिएनन्। मुख्य कुरो, के के समेट्ने केके नसमेट्ने बेलैमा निर्णमा पुग्नुपर्यो। गणनाको अन्तिम समयमा आएर दर्ता नभएका व्यवसायीक कृषि समेट्ने कुरा अलि आलोकाँचो भयो कि। अनि यातायात व्यवसायी/धनीहरुको विवरण लिने हो कि सवारि चालकको पनि लिने हो अन्तिम समयसम्म भएको द्धिविधा जगजाहेर छ। केहि जिल्लाहरुमा गणकहरुले गुडिरहेका सवारी साधन रोकेर समेत लिए रे भन्ने कुरा सुन्न पाईएको थियो।

- **आगामी आर्थिक गणनाका लागि रणनीतिक सुझावहरू**

भविष्यमा हुने आर्थिक गणनाका लागि जिल्ला आर्थिक गणना कार्यालको तर्फबाट देहायका सुझावहरु प्रस्तुत गरिएको छ।

१. व्यवसायीक प्रतिष्ठानहरु जुन आन्तरिक राजस्व कार्यालयको अभिलेखमा छन्। नियमित रुपमा सरकारलाई कर तिरिरहेका छन्, त्यस्ता संस्थाहरुको आय व्यव विवरण स्वत: प्राप्त हुने प्रणालिको व्यवस्था गर्नुपऱ्यो।
२. दैनिक रिपोटिङ्ग प्रणाली र इ-सेन्सस प्रणालीको सर्भरमा आइरहने समस्या हटाउनुपऱ्यो।
३. प्रचार प्रसार व्यापक गर्नुपऱ्यो। मुख्यगरि मोबाईलमा रिङ्ग टोन बज्ने बनाएको भएमा राम्रो हुनेछ।

४. यस पालि हतार हतारमा प्रसासनिक काम सम्पन्न गर्नुपरेको थियो। त्यसका लागि अलि लामो समय राख्नुपर्छ।
५. आर्थिक गणना गर्ने सयम मिलेन। तराईका जिल्लाहरुमा बैसाख जेठको तातो गर्मि गणनाको लागि उपयुक्त समय होईन जस्तो लाग्छ।

माथि उल्लेखित सुझावहरुमा ध्यान दिन सके आगामि आर्थिक गणना यस पालिको भन्दा भव्य र सभ्य हुनेछ।

# ६. अनुसूचीहरु

## १. व्यवस्थापन समुहमा रहेका कर्मचारीको विवरण

अनुसूचीः १ व्यवस्थापन समुहमा रहेका कर्मचारीको विवरण

| क्र.सं. | पद | नाम थर |
|---|---|---|
| १ | जिल्ला आर्थिक गणना अधिकारी | पुष्कर विजुक्षे |
| २ | सहायक आर्थिक गणना अधिकारी | तेज प्रसाद अधिकारी |
| ३ | सुपरिवेक्षक | मुनेश्वर प्रसाद साह |
| ४ | खरिदार | नरेन्द्र प्रसाद यादव |
| ५ | गणक | सोनालाल साह तेली |
| ६ | स.ले.पा. | प्रमोद चौधरी |
| ७ | का.स. | सिकन्दर प्रसाद अहिर |
| ८ | का.स. | रबिन्द्र प्रसाद यादव |

## २. सुपरिवेक्षक तथा गणकको नाम

अनुसूचीः २ सुपरिवेक्षक तथा गणकको नाम

| क्र.स. | परिचयपत्र नं. | नाम थर (नेपालीमा) | पद |
|---|---|---|---|
| १ | S-01 | **प्रिया साह तेली** | सुपरिवेक्षक |
| २ | S-02 | कंचन सरार्फ | सुपरिवेक्षक |
| ३ | S-03 | सम्झना भट्टराई | सुपरिवेक्षक |
| ४ | S-04 | पप्पु कुमार | सुपरिवेक्षक |
| ५ | S-05 | दिपेश यादव | सुपरिवेक्षक |

| क्र.स. | परिचयपत्र नं. | नाम थर (नेपालीमा) | पद |
|---|---|---|---|
| ६ | S-06 | आन्नद प्रसाद यादव | सुपरिवेक्षक |
| ७ | S-07 | हीना प्रविन | सुपरिवेक्षक |
| ८ | S-08 | अंजली कुमारी साह | सुपरिवेक्षक |
| ९ | S-09 | दीक्षा दहैत थारु | सुपरिवेक्षक |
| १० | E-01 | राज कुमार साह | गणक |
| ११ | E-02 | मनोज पराजुली | गणक |
| १२ | E-03 | करण योन्जन | गणक |
| १३ | E-04 | रविकान्त राम | गणक |
| १४ | E-05 | कविता कुमारी | गणक |
| १५ | E-06 | ममता कुमारी | गणक |
| १६ | E-07 | निरन्जन कुमार कुर्मी | गणक |
| १७ | E-08 | कुसुम यादव | गणक |
| १८ | E-09 | रितिका चौधरी | गणक |
| १९ | E-10 | प्रिती कुमारी | गणक |
| २० | E-11 | अमन अंसारी | गणक |
| २१ | E-12 | नैबुल्लह अंसारी | गणक |
| २२ | E-13 | अमरावती कुमारी | गणक |
| २३ | E-14 | निलु कुमारी यादव | गणक |
| २४ | E-15 | आदित्य कुमार | गणक |
| २५ | E-16 | सुधा कुमारी यादव | गणक |
| २६ | E-17 | संदिप कुमार यादव | गणक |
| २७ | E-18 | संगीता कुमारी सोनार | गणक |
| २८ | E-19 | सन्जु कुमारी | गणक |
| २९ | E-20 | सुरज साह | गणक |
| ३० | E-21 | सुधिर कुमार साह कानु | गणक |

| क्र.स. | परिचयपत्र नं. | नाम थर (नेपालीमा) | पद |
|---|---|---|---|
| ३१ | E-22 | अंशु कुमारी | गणक |
| ३२ | E-23 | अनुराधा गिरी | गणक |
| ३३ | E-24 | आयुष उपाध्याय | गणक |
| ३४ | E-25 | प्रिती सरार्फ | गणक |
| ३५ | E-26 | सृष्टि चौधरी | गणक |
| ३६ | E-27 | प्रिया सरार्फ | गणक |
| ३७ | E-28 | मारुफ अंसारी | गणक |
| ३८ | E-29 | समिक्षा शाह | गणक |
| ३९ | E-30 | सेजल कर्ण | गणक |
| ४० | E-31 | विनु तामाङ्ग | गणक |
| ४१ | E-32 | प्रीति मण्डल | गणक |
| ४२ | E-33 | रोशन कुमार चौरसिया | गणक |
| ४३ | E-34 | सेजल गुप्ता | गणक |
| ४४ | E-35 | आतिश कुमार पटेल | गणक |
| ४५ | E-36 | सिद्धार्थ कुमार सिंह | गणक |
| ४६ | E-37 | सिमरन शर्मा | गणक |
| ४७ | E-38 | रिया पटेल | गणक |
| ४८ | E-39 | महेश्वर साह तेली | गणक |
| ४९ | E-40 | निक्की कुमारी | गणक |
| ५० | E-41 | सुजित यादव | गणक |
| ५१ | E-42 | संजना कुमारी ठाकुर | गणक |
| ५२ | E-43 | अंकिता कुमारी | गणक |
| ५३ | E-44 | सन्जु साह कानु | गणक |
| ५४ | E-45 | आकृति कुमारी पटेल | गणक |
| ५५ | E-46 | पुजा कुमारी | गणक |

| क्र.स. | परिचयपत्र नं. | नाम थर (नेपालीमा) | पद |
|---|---|---|---|
| ५६ | E-47 | पिंकी कुमारी | गणक |
| ५७ | E-48 | अजय यादव | गणक |
| ५८ | E-49 | पुष्पा मण्डल | गणक |
| ५९ | E-50 | संजु कुमारी | गणक |
| ६० | E-51 | ऋषभ देव शाह | गणक |
| ६१ | E-52 | रिभा कुमारी यादव | गणक |
| ६२ | E-53 | मनिशा सिंह | गणक |
| ६३ | E-54 | दिलीप कुमार रौनियार | गणक |
| ६४ | E-55 | अंशु कुमारी नुनिया | गणक |
| ६५ | E-56 | पप्पु कुमार साह | गणक |
| ६६ | E-57 | अस्मिता कुमारी यादव | गणक |
| ६७ | E-58 | राजेश प्रसाद चौहान | गणक |
| ६८ | E-59 | प्रिया कुमारी गुप्ता | गणक |
| ६९ | E-60 | उज्वल कुमार गुप्ता | गणक |
| ७० | E-61 | दिप्ती प्रजापति | गणक |
| ७१ | E-62 | राजकुमार शाह कानु | गणक |
| ७२ | E-63 | प्रतिभा मेहता | गणक |
| ७३ | E-64 | प्रिती कुमारी कुशवाहा | गणक |
| ७४ | E-65 | आरती कुमारी कानु | गणक |
| ७५ | E-66 | नेहा कुमारी साह | गणक |

## ३. स्थलगत कार्य संचालको क्रमका स्मरणीय फोटोहरु

अनुसूचीः ३ स्थलगत कार्य संचालको क्रमका स्मरणीय फोटोहरु

४. 






28/06/2026 17:32








vivo S1 Pro
48MP AI Quad Camera
2026.05.29 15:53




प्रमुख जिल्ला अधिकारीज्युको अध्यक्षतामा
आर्थिक गणना समन्वय समितिको बैठक ।






00, 9845267964
द भाई को
ईल पसल
सुवर्णपुर
एनसेल सधैं
Renewa
Starting From
Ncell App
छाप्ने